लैंगिक हिंसा अन्त्य तथा लैंगिक सशक्तीकरणसम्वन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना(२०६९/०७०-२०७३/०७४)

(आ.व.२०७२ /२०७३) कार्यान्वयन प्रगति विवरण

मन्त्रालयगत

नेपाल सरकारले विगतदेखि नै लैङ्गिक हिंसा र भेदभावको अन्त्य गरी समाजका पिछडिएका र सीमान्तकृत वर्ग खासगरी महिलाहरूको सशक्तीकरण गर्दै समावेशी राज्य निर्माणको विषयलाई प्राथमिकतामा राखी काम गर्दै आएको छ । छैठौँ पञ्चवर्षीय योजना (२०३७-२०४२) देखि योजनाबद्ध रूपमा महिलाहरूको अवस्थामा सुधार ल्याउने प्रयास शुरु भई हालसम्म योजनाले समेत लैङ्गिक समानता र महिला सशक्तीकरणलाई जोड दिएको छ ।

लैङ्गिक हिंसाविरुद्ध नयाँ सोच र फरक कार्यशैलीका साथ एकीकृत अभियानको थालनी गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०६६।५।२६ मा निर्णय भई सन् २०१० लाई लैङ्गिक हिंसाविरुद्ध वर्षका रूपमा घोषणा गरी र त्यसको लागि राष्ट्रिय कार्ययोजना तयार गर्ने निर्णय भए बमोजिम सन् २०१० मा एक राष्ट्रिय कार्ययोजना तयार भई कार्यान्वयनमा रहेको थियो ।

सन् २०१० लाई लक्षित गरी कार्यान्वयनमा ल्याइएको कार्ययोजनाको अवधि सीमित रहेको भए तापनि यसको प्रभावकारिताको मूल्याङ्कन गर्दै नेपाल सरकारले सो कार्ययोजना बनाई कार्ययोजनाको कार्यान्वयनलाई हालसम्म पनि निरन्तरता दिँदै आएको छ । तर, समय परिवर्तनसँगै हिंसाका स्वरूपहरू फरक हुँदै आएको र हिंसाजन्य अपराधलाई न्यूनीकरण गर्न प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने महसुस गरी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०६८।११।२२ मा लैङ्गिक हिंसाको अन्त्य तथा लैङ्गिक सशक्तीकरण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना तयार गरी लागू गर्ने निर्णय भएको थियो । सोही निर्णयबमोजिम प्रस्तुत रणनीति तथा राष्ट्रिय कार्ययोजना तयार गरिएको हो । यस राष्ट्रिय रणनीति तथा कार्ययोजनामा सन् २०१० को कार्ययोजनामा समावेश भएका महत्वपूर्ण कार्यक्रमहरूलाई निरन्तरता दिने प्रयास गरिनुका साथै लैङ्गिक सशक्तीकरणसम्बन्धी केही नयाँ कार्यक्रमहरू थप गरिएका छन् ।

रणनीति तथा कार्ययोजनाको उद्देश्यः

- महिला हिंसाको अन्त्य तथा लैङ्गिक समानता, विकास र महिला सशक्तीकरणका लागि हालसम्म प्राप्त उपलब्धिहरू समेट्दै विद्यमान लैङ्गिक लगायतका विभेद, असमानता र बञ्चितीकरणलाई निवारणका लागि ठोस तथा व्यावहारिक कार्यक्रम प्रस्तावित गरी कार्यान्वयनमा ल्याउने ।
- महिला हिंसाको अन्त्य तथा लैङ्गिक समानता, विकास र महिला सशक्तीकरणका लागि सम्बद्ध निकायहरूलाई जिम्मेवार बनाउँदै कार्यक्रम निर्माणका चरणदेखि कार्यान्वयन तहसम्ममा सहभागितामूलक विधिलाई प्रवद्र्धन गर्ने ।
- महिला हिंसाको अन्त्य तथा लैङ्गिक समानता, विकास र महिला सशक्तीकरणका लागि व्यावहारिक तथा गुणस्तरीय रणनीति, कार्यक्रमसहितको कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने ।

रणनीतिक कार्ययोजनामा उल्लेखित उद्धेश्य पूर्ति गर्ने क्रममा लैंगिक हिंसा नियन्त्रण गर्न तथा लैंगिक न्याय कायम गर्न भईरहेका विभिन्न कानूनमा संशोधन गरिएको छ |लैंगिक शसक्तिकरण सम्वन्धि विभिन्न योजना, नीति तथा कार्यक्रमहरु संचालित छन | साक्षरता दर हाल ५७.३%, औसत आयू ७१ बर्ष, मातृ मृत्यु दर (प्रतिलाख जीवित जन्ममा) २५६ मा झरेको छ र सम्पति माथि महिलाको स्वमित्व २६% पुगेको छ,यसैगरि निजामती सेवामा महिला को प्रतिनिधित्व १७% पुग्नुले पनि उक्त कुराको पुष्टि गरेको छ| महिला हिंसाको घटनालाई शून्य सहनशिलता अपनाउने नीती अनुरुप धेरै महिलाहरुमा हिंसा सहनु हुदैन भन्ने संदेशको प्रवाह भएको छ| त्यस्तै हरेक क्षेत्रलाई लैंगिक मैत्री बनाउनुपर्नेमा जोड दिइएको छ |

समानुपातिक समावेशिको सिद्धान्तलाई राज्यले क्रमश कार्यान्वयन गरिरहेको फलस्वरुप निजामती सेवा, सबै सार्वजनिकसेवा, सुरक्षा क्षेत्र एवं राजनीतिक दलमा महिलाको अर्थपूर्ण सहभागिता र प्रतिनिधित्वमा महत्वपूर्ण वृद्धि हुदै गएको छ | महिला सहभागिता थप प्रभावकारी बनाउदै जाने दिशामा नेपाल सरकार सजग छ |

यसैगरी नेपाल सरकारले आ.व. २०६२/६३ को बजेटबाट लैंगिक उत्तरदायी बजेट प्रणालीको औपचारिक रुपमा सुरुवात गरेको परिप्रेक्ष्यमा यसका सुरुवाती वर्षको बजेटमा ११.३०% मात्र प्रत्यक्ष लैंगिक उत्तरदायी रहेकोमा एक दशकको अवधि पार गर्दा हाल करिव २३% पुग्नुले पनि लैंगिक उत्तरदायी बजेट प्रति सरकारको संवेदनशीलता रहेको पुष्टि गर्दछ | यद्दपी, त्यस्तो बजेटलाई महिलाको सशक्तिकरणको लागि थप प्रत्यक्ष लाभ पुर्याउने गरि प्राथमिकीकरण र कार्यान्वयन गर्न बाँकि नै छ |

संयुक्त राष्ट्र संघले २०३० सम्ममा महिला प्रतिनिधित्व हरेक क्षेत्रमा ५०% पु-याउने नीति अनुरुप sdgSDGSDG GOAL 2016 (Sustainable development goal)जारी गरी यसको ५ नं बुंदामा gender equality राख्नुलाई बिश्व समुदायको लैंगिक समानता तर्फको संवेदनशीलता लाई उजागर गरेको छ|

यसै प्रयासको उपज स्वरुप लैंगिक हिंसाका घटना लाई न्यूनीकरण गर्ने उद्धेश्यले नेपाल सरकार, मन्त्रिपरिषदबाट लैंगिक हिंसा अन्त्य तथा लैंगिक सशक्तिकरणसम्वन्धि राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०६९/०७०-२०७३/०७४) स्वीकृत भई उक्त कार्ययोजनामा यससंग सम्वन्धित प्रतक्ष सरोकार राख्ने १२ वटा मन्त्रालयहरुका लागि क्रियाकलापहरु तयार गरी सो क्रियाकलापलाई कार्य रुपमा लान तत् तत् मन्त्रलयले वजेट विनियोजन गरी कार्यक्रम संचालन गर्ने गरेका छन् |

त्यस्ता कार्यक्रमको वार्षिक रुपमा प्रगति विवरण प्राप्त गरी सो को अनुगमन गर्ने लगायतको जिम्मेवारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत कानून तथा मानव अधिकार महाशाखाले लिएको र कार्ययोजनाको कार्यान्वयन बिवरणलाई एकीकृत गरी वार्षिक रुपमा प्रकाशन गर्ने/वेव साइटमा राख्ने गरिदै आएको परिप्रेक्षमा आ.व.(२०७२/७३)मा भएको प्रगति विवरणलाई समावेश गरी प्रस्तुत विवरण प्रकाशन/सार्वजनिकीकरण गरिएको छ |

लैंगिक हिंसा अन्त्य तथा लैंगिक सशक्तीकरणसम्वन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना(२०६९/०७०-२०७३/०७४)

(आ.व.२०७२ /२०७३) कार्यान्वयन प्रगति विवरण

मन्त्रालयगत

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय				
कार्ययोजनामा उल्लेखित क्रियाकलाप मध्य सम्पादित कार्यहरु /क्रियाकलापहरु	**प्राप्त नतिजा**	**सम्पादन गर्न बाँकी कार्य**	**बाँकी कार्य गर्न लाग्ने समय**	**कार्यान्वयनमा देखिएका प्रमुख समस्या**
• लैङ्गिक हिंसाविरुद्धको उजुरी लिई कारवाही प्रक्रिया शुरु गर्नुपर्ने दायित्व भएका निकाय/कार्यालयले लैङगिक हिंसाविरुद्धको उजुरी दर्ता गर्न इन्कार गरेको, दर्ता गरेर पनि कारवाही प्रक्रिया शुरु नगरेको, कारवाही प्रक्रिया प्रभावकारी नभएको वा कारवाही प्रक्रिया सुस्त भएको भनी एकाईमा प्राप्त	६ वटा लैंगिक हिंसा पीडितहरुको उजूरी लिई आवश्यक कारवाहीको लागि पहल गरिएको| लैङ्गिक हिंसाका संवेदनशिल घटनाको झापा स्थित महिला तथा बालबालिका कार्यालय, जिल्ला प्रहरी कार्यालय र सुरक्षित			२०७२/१/१२ मा गएको विनासकारी भूकम्प र नाकामा भएको अवरोधका कारण पहिलो चौमासिकका कार्यक्रमहरू प्रभावित भएकोले दोस्रो र तेस्रो चौमासिकमा निम्न वमोजिमका कार्यक्रमहरू गरिएको ।

हुने निवेदन, उजुरी वा गुनासाहरू तत्काल कारवाहीको लागि सम्बन्धित निकाय/कार्यालयमा लेखी पठाउने ।	गृहको स्थलगत अनुगमन गरि प्रतिवेदन पेश गरिएको | इलाम र गोरखा जिल्लामा भएका मानव अधिकार तथा लैङ्गिक सशक्तीकरण राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्था वारे अनुगमन गरी प्रतिवेदन पेश गरिएको । लैङ्गिक हिंसा विरुद्ध राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनको सम्वन्धमा अन्तरक्रिया तथा अनुशिक्षण सम्वन्धि गोष्ठी काभ्रेपलान्चोक			
• लैङ्गिक हिंसाविरुद्धको एकाईबाट लेखी पठाएका निवेदन, उजुरी वा गुनासाहरूका सम्बन्धमा सम्बन्धित निकाय, कार्यालयसँग सम्पर्कमा रही त्यस्तो निकाय/कार्यालयले गरेको कारवाहीको विवरण संकलन गर्ने ।				
• लैङ्गिक हिंसाविरुद्धको एकाईबाट लेखी पठाए निवेदन, उजुरी वा गुनासाहरू उपर प्रभावकारी कारवाहीका लागिसम्बन्धित निकाय/ कार्यालयलाई आवश्यक				

निर्देशन दिने ।	र ललितपुर जिल्लामा सञ्चालन गरिएको | रूकुम र सल्यान जिल्लामा माध्यमिक विद्यालयमा ९ र १० कक्षामा अध्ययनरत विद्धार्थीहरूलाई लैङ्गिक हिंसा सम्वन्धी चेतनामुलक प्रशिक्षण कार्यक्रम गरिएको ।			
• लैङ्गिक हिंसाका सम्बन्धमा विभिन्न सञ्चार माध्यमबाट प्रकाशित, प्रशारित गम्भीर किसिमका घटनाहरूको सम्बन्धमा सूचना संकलन गर्ने र त्यस्ता घटनाका सम्बन्धमा छानवीन गरी कारवाही प्रक्रिया शुरु गर्न सम्बन्धित निकाय वा कार्यालयमा लेखी पठाउने ।				
• लैङ्गिक हिंसाका सम्बन्धमा सम्बन्धित निकाय वा कार्यालयमा परेका उजुरीको प्रभावकारी व्यवस्थापन गर्न सहयोग हुने गरी सम्बन्धित निकायहरू बीच समन्वय/ सहजीकरण गर्ने वा आवश्यकता अनुसार निर्देशन दिने ।				
• एकाईमा पर्न आएका निवेदन, उजुरी वा गुनासाहरूको व्यवस्थापन गर्ने क्रममा				

पीडित व्यक्तिलाई आवश्यक पर्ने सेवा (कानूनी परामर्श, मनोविमर्श, स्वास्थ्य सेवा, आर्थिक सहयोग तथा पुनर्स्थापना आदि) का सम्बन्धमा पीडितको सहज पहुँचको लागि सरोकारवाला निकाय तथा संस्थासँग कार्यमूलक सम्बन्ध स्थापना गरी पीडितहरूलाई आवश्यक सेवा प्रदान गर्न आवश्यक पहल गर्ने ।	बिभिन्न जिल्लामा अन्तरक्रिया,अनुशिक्षण कार्यक्रम भएको |			
• एकाईमा प्राप्त हुने निवेदन, उजुरी वा गुनासाहरूको व्यवस्थापन गर्दा देखिएका समस्या समाधानका लागि गरिनुपर्ने सुधार वा निर्माण गर्नुपर्ने नीति वा जारी गर्नुपर्ने निर्देशन वा सञ्चालन गर्नुपर्ने कार्यक्रमका सम्बन्धमा केन्द्रीय समन्वय समिति समक्ष आवश्यक सिफारिस गर्ने र समितिबाट निर्णय	लैंगिक हिंसा नियन्त्रण गर्नको लागि बिद्यमान कानून, नीति तथा प्रणालीमा आवश्यक सुधार गर्नको लागि यस कार्यालयवाट गठित समितिले २०६९ मा दिएको प्रतिबेदनको आधारमा लैंगिक समानता कायम गर्न बनेका केहि नेपाल ऐन संशोधन गर्ने ऐन			

भएबमोजिम कार्यान्वयन गर्ने गराउने ।	२०७२ जारी भईसकेको ।			
• केन्द्रीय तथा जिल्लास्तरका उजुरीसँग सम्बन्धित सरोकारवाला निकायहरूसँग समय-समयमा बैठक,अन्तक्रिरया,अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।				
• सञ्चार माध्यममा प्रकाशित भएका र अन्य माध्यमबाट जानकारीमा आएका संवेदनशील लैङ्गिक हिंसाका घटनाहरूको आवश्यकता अनुसार स्थलगत अनुगमन तथा निरीक्षण गर्ने र पीडितलाई यथाशीघ्र न्याय तथा संरक्षण प्रदान गर्न सम्बन्धित निकायलाई निर्देशन दिने ।	१० वटा लैंगिक हिंसा, घरेलु हिंसा तथा बलात्कार लगायतका समाचार प्रति ध्यानाकर्षण गरी सरोकारवाला मन्त्रालय मा कारवाहीको लागि पत्राचार गरिएको ।			
• लैङ्गिक हिंसाको समग्र स्थितिबारे जानकारी लिन अध्ययन अनुसन्धान गर्ने गराउने ।				

• महिला विरुद्ध हिंसाका उजुरी उपर काम गर्न दूरत सुनुवाई अदालत (fast track court) को स्थापना तथा सञ्चालनको लागि सम्बन्धित मन्त्रालयसँग बैठक, छलफल तथा Follow up गर्ने ।	लैंगिक हिंसा नियन्त्रणका विभिन्न विषयहरुमा अध्यन गर्ने प्रयोजनको लागि हिंसाको घटनाको २०६९ मा अध्यन गरिएको र यस्तै प्रकृतिको घटनाको बि.सं.२०७२ सालमा पनि अध्यन गरिएको | (fast track court) गठन सम्वन्धमा अध्यन तथा छलफल भएको |			
• एकाईमा विभिन्न माध्यमबाट प्राप्त निवेदन, उजुरी तथा गुनासाहरू तथा सो सम्बन्धमा भएका कारवाहीका सम्बन्धमा लिङ्ग, उमेर, जिल्ला तथा हिंसाको प्रकृतिका आधारमा खण्डीकृत तथ्याङ्क (sex,age wise disaggregated data) राख्ने, अद्यावधिक गर्ने र तिनलाई विश्लेषण गरी आवश्यकता अनुसार लैङ्गिक हिंसा अन्त्यका लागि नीति र कार्यक्रम सिफारिस गर्ने ।				
• सम्बन्धित निकायसँग समन्वय तथा सहकार्य गरी				

लैङ्गिक हिंसाका घटना तथा उजुरीहरूको राष्ट्रिय अभिलेख तथा सूचना राख्ने व्यवस्था गर्ने ।				
• राष्ट्रिय महिला आयोगले लैङ्गिकताका आधारमा हुने हिंसाहरूको उजुरीको तथ्याङ्क व्यवस्थापन गर्न तयार गरेका GBVIMS बाट प्राप्त तथ्याङ्क/ सूचनाहरूको व्यवस्थापन गर्ने ।				
• लैङ्गिक हिंसाको समग्र स्थितिबारे जानकारी लिन अध्ययन अनुसन्धान गर्ने गराउने				
• उजुरी कार्यान्वयनको स्थितिको अनुगमन गर्ने र सुधारको लागि समन्वय तथा निर्देशन दिने ।				
• उजुरी कार्यान्वयनका क्षेत्रमा उत्कृष्ठ कार्य गर्ने निकायलाई उत्प्रेरित, प्रोत्साहित गर्ने ।				

• संवेदनशील लैङ्गिक हिंसाका घटनाहरूको आवश्यकता अनुसार स्थलगत अनुगमन तथा निरीक्षण गर्ने				
• अनुगमनको क्रममा लैङ्गिक हिंसाबाट पीडितलाई यथाशीघ्र न्याय तथा संरक्षण प्रदान गर्न सम्बन्धित निकायलाई आवश्यकता अनुसार निर्देशन दिने ।				
• लैङ्गिक हिंसाका उजुरी व्यवस्थापन गर्ने जिम्मेवार निकाय/संघ/संस्थाको स्थलगत अनुगमन गरी अनुगमनबाट देखिएका समस्याहरू समाधानार्थ केन्द्रीय समन्वय समितिमा सिफारिस वा सुझाव पेश गर्ने ।				
• लैङ्गिक हिंसा तथा महिला सशक्तीकरण कार्ययोजनाको कार्यान्वयन स्थितिको केन्द्रदेखि स्थानीयस्तरसम्म अनुगमन तथा मूल्याङ्कन				

गर्ने ।				
• लैङ्गिक हिंसाविरुद्धका निकायगत कार्यक्रमहरूको संयुक्त अनुगमन समितिले अनुगमन गरी पेश गरेको सुझावहरू कार्यान्वयन गर्ने गराउने ।				
• सूचना तथा सञ्चार मन्त्रालयअन्तर्गत सूचना विभागबाट जारी गरिने लोककल्याणकारी विज्ञापनमार्फत लैङ्गिक हिंसाविरुद्धका सन्देश प्रवाह गर्ने ।				
• सरोकारवाला सरकारी तथा गैससहरूसँग समन्वय गरी स्थानीयस्तरसम्म जनचेतना अभिवृद्धि गर्ने ।				
• लैङ्गिक हिंसालाई सम्बोधन गर्नका लागि केन्द्रदेखि स्थानीय तहसम्म चेतना, संरक्षण, राहत, स्वास्थ्य, शिक्षा, कानूनी उपचार,				

आर्थिक सशक्तीकरण आदि कार्यक्रम सञ्चालन गर्न सरोकार निकायबीच साझेदारी अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने ।	रेडियो टेलिभिजन मार्फत काम भएका ।			
• केन्द्रीय तहमा विभिन्न निकायसँग साझेदारीका लागि आवश्यक समन्वय गर्ने ।				
• लैङ्गिक हिंसा तथा महिला सशक्तीकरणसँग सम्बन्धित विभिन्न दिवसहरू (१६ दिवसीय अभियान, ८ मार्च (नारी दिवस), मानव बेचविखन विरुद्ध दिवस) का सन्दर्भमा विभिन्न रचनात्मक कार्यक्रमहरूको माध्यमबाट स्थानीयस्तरसम्म जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने गराउने ।				
• उजुरी उपर कारवाहीसहितको प्रगति प्रतिवेदन सार्वजनिक गर्ने (वार्षिक)				

• लैङ्गिक सशक्तीकरणसम्बन्धी कार्यक्रमहरूको समन्वय र सहजीकरणका लागि समन्वयकारी भूमिका निर्वाह गर्ने ।	महिला हिंसा विरूद्धको १६ दिवशिय कार्यशाला (November 25 to December 10) को आयोजना गरिएको |			
• हिंसाका प्रभावित तथा जोखिममा रहेका महिला र किशोरीहरूलाई सीपमूलक तालिम, स्वरोजगार व्यवसाय तथा बजार प्रवर्द्धन गरी आत्मनिर्भर बनाउनका लागि जिम्मेवार निकायहरूबीच सहकार्य गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने ।	प्रतिवेदन सार्वजनिक गर्ने गरेको |			
• लैङ्गिक मूलप्रवाहीकरणका लागि सरोकार निकायहरूको क्षमता/भूमिका अभिवृद्धि गर्ने ।				
• कुप्रथा, कुसंस्कारजन्य हिंसा न्यूनीकरणका लागि कानूनी व्यवस्थाका लागि आवश्यक पहलकदमी लिने ।	महिला मन्त्रालय मार्फत गरिरहेको |			
• सबै सार्वजनिक क्षेत्रमा	बिभिन्न विभेदजन्य कुप्रथा बिरोधी कानून			

महिलाको ३३% सहभागिताको लागि आवश्यक पहल गर्ने ।	निर्माण भएका छन् ।			
• सबै क्षेत्रमा समान सहभागिता तथा समावेशीकरणका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न समन्वय सहजीकरणको भूमिका निर्वाह गर्ने ।	हाल महिला आरक्षणको व्यवस्था भएको ।			
• Gender Audit and Gender Responsive Budgeting सम्बन्धमा सरोकारवाला मन्त्रालयहरूसँग छलफल ।	अर्थ मन्त्रालयले बजेट सम्वन्धमा लैंगिक मैत्री नीति अपनाएको छ ।			
• लैङ्गिक सशक्तीकरण, लैङ्गिक हिंसा तथा विभेदसम्बन्धी जनचेतनाको लागि आवश्यक सूचना, शिक्षा तथा सञ्चार सामाग्री (IEC Material) निर्माण, प्रकाशन तथा प्रशारण गर्न सम्बन्धित निकायहरूसँग सहकार्य गर्ने ।	शिक्षा मन्त्रालय तथा संचार मन्त्रालय द्वारा जनचेतनाको लागि आवश्यक पहल भई रहेको ।			
• लैङ्गिक सशक्तीकरण तथा लैङ्गिक हिंसा सम्बन्धमा				

विभिन्न निकायहरूको क्षमता अभिवृद्धिका लागि विभिन्न तालीम गोष्ठी तथा कार्यशाला सञ्चालन गर्ने ।	भईरहेका			
• विभिन्न क्षेत्रमा विद्यमान कुरीतिजन्य हिंसाहरू सम्बोधन गर्ने क्षेत्रगत विशेष कार्यक्रमहरू सञ्चालन गर्न सम्बन्धित निकायहरूबीच समन्वय सहजीकरण गर्ने				
• बहु भेदभाव (multi discrimination)मा परेका जस्तै (दलित, अपाङ्ग, एकल महिला , परिवारबाट परित्याग गरिएका र वृद्धा महिलाहरूका लागि विशेष प्राथमिकताका कार्यक्रमहरू सञ्चालन गर्न, गराउन सम्बन्धित मन्त्रालयहरूलाई केन्द्रीय समन्वय समितिमार्फत निर्देशन दिने ।	भईरहेका			
• बदलिँदो समाजसँगै आएका				

नयाँ प्रवृतिहरू, जस्तै लिङ्ग पहिचान गरी भ्रूणहत्या, वैदेशिक रोजगारी महिला कामदारहरूका समस्याहरू, वैदेशिक रोजगारीको अभिवृद्धिसँगै समाजमा आएका नयाँ विकृतिहरू जस्ता सवाललाई सम्बोधन गर्ने कार्यक्रमहरूमा सहजीकरण गर्ने ।	भईरहेका			
• लैङ्गिक दृष्टिकोणले सबै मन्त्रालय तथा निकायहरूको ऐन, नीति, निर्देशिका तथा कार्यपद्धतिलाई पुनरावलोकन तथा परिमार्जन गर्ने गराउन निर्देशन दिने । लैङ्गिक सशक्तीकरणसम्बन्धी कार्यक्रम तथा कार्यान्वयन स्थितिको नियमित रूपमा स्थलगत अनुगमन गर्ने र सम्बन्धित निकायलाई आवश्यक सुझाव दिने ।	भईरहेका			

स्वास्थ्य मन्त्रालय				
कार्ययोजनामा उल्लेखित क्रियाकलाप मध्य सम्पादित कार्यहरु /क्रियाकलापहरु	**प्राप्त नतिजा**	**सम्पादन गर्न बाँकी कार्य**	**बाँकी कार्य गर्न लाग्ने समय**	**कार्यान्वयनमा देखिएका प्रमुख समस्या**
५.५.१. लैङ्गिक हिंसाबाट प्रभावित क्षेत्रहरू पहिचान गरी लैङ्गिक हिंसाविरुद्धमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।				१. वजेटको अभाव, २. अधिकार क्षेत्रको दायरालाई फराकिलो बनाउन नसकेको | ३. GESI(Gender equality and social inclusion) सम्वन्धी कार्यक्रमहरूमा विभिन्न निकायहरू वीच समन्वय हुन नसकेको | ४. सवै कर्मचारीहरूलाई GESI कार्यक्रम सम्वन्धी
५.५.२. लिफलेट व्रोसरहरू तयारी, सूचनामूलक सामाग्री तयारी र वितरण ।				
५.५.३. सामुदायिक रेडियो एफ.एम.मार्फत सूचनामूलक सन्देशहरू प्रसारण गर्ने आदि				
५.५.४. उपलव्ध सेवाहरू कानूनी उपचार आदि बारे स्थानीयस्तरसम्म प्रचार प्रसार एवं जानकारी				

गराउन				अभिमुखिकरण दिन नसकिएको ।
७.१.१ सवै अस्पतालहरूमा लैङ्गिक हिंसाविरुद्ध काम गर्ने कार्यविवरणसहितको सम्पर्क व्यक्ति तोकी उनीहरूको क्षमता अभिवृद्धि गर्ने ।				५. यस आ.व.को बार्षिक कार्यक्रम सम्पन्न गर्न जनसंख्या महाशाखा फुटी वातावरण मन्त्रालयमा गाभिन गएकोले कार्यक्रम सम्पन्न गर्न समस्या ।
७.१.२.अस्पतालहरूमा एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना एवं सञ्चालन गर्ने । यसको लागि एकद्वार संकट व्यवस्थापन केन्द्र । (One stop crisis management center-OCMC) स्थापना तथा सञ्चालन निर्देशिका तयार भइसकेको ।				
७.१.३. लैङ्गिक हिंसाबाट प्रभावितहरूलाई स्थानीय स्वास्थ्य संस्था तथा एकद्वार संकट व्यवस्थापन केन्द्रबाट उपचार पु¥याइएको बारेमा नियमित अनुगमन गर्ने ।	७.१.३ भैरहेको			

७.२.१.राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको तालिम सामाग्रीमा लैङ्गिक हिंसा एवं एकद्वार संकट व्यवस्थापन केन्द्रसम्बन्धी विषयहरू समावेश गर्ने ।	७.२.१ राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रवाट संचालन हुने लामो अवधीको स्तरवृध्दि हुने तालिम र सेवा प्रवेश तालिममा उल्लेखित विषयहरू समावेश हुने गरेको ।			
७.२.२.तालिम केन्द्रमार्फत लैङ्गिक हिंसा, एकद्वार संकट व्यवस्थापन केन्द्रबारे स्वास्थ्यकर्मीहरूलाई अभिमुखीकरण गर्ने ।				
७.२.३. केन्द्र स्थापना भएका÷हुने अस्पतालहरूमा कार्यरत स्वास्थ्यकर्मीहरूको स्क्रीनिङ्ग मनोसामाजिक परामर्श एवं प्रेषण कार्यमा क्षमता अभिवृद्धि गर्ने ।	७.२.३ विभिन्न समयमा विभिन्न संस्थाहरूवाट (UNFPAको आर्थिक एवं आड्रा नेपालको प्राविधिक सहयोग मा "Clinical management of Rape survivor (CMT)" तालिम सम्पन्न, UNFPA को आर्थिक सहयोग र यातना पीडित सरोकार केन्द्र			

	(सिभिक्ट) नेपालको प्राविधिक सहयोगमा मनोसामाजिक मनोविमर्श सँवन्धी १० दिने Refresher तालिम, नेपाल स्वास्थ्य क्षेत्र सहयोग कार्यक्रम(NHSSP)को सहयोगमा मेडिकोलिगल तालिम, वहुसांस्कृतिक मनोसामाजिक संस्था (TPO), नेपालवाट मनोसामाजिक तालिम) सम्पन्न भएको ।			
७.३.१. निजी, शिक्षण र सामुदायिक अस्पतालहरूलाई लैङ्गिक हिंसासम्बन्धी कार्यविवरणसहित सम्पर्क व्यक्ति तोक्न लगाउने एवं उपचारको विशेष व्यवस्था मिलाउने ।		१। ७.३.१. निजी, शिक्षण र सामुदायिक अस्पतालहरूलाई लैङ्गिक हिंसासम्बन्धी कार्यविवरणसहित सम्पर्क व्यक्ति तोक्न लगाउने एवं उपचारको विशेष व्यवस्था मिलाउने ।	१. आ.व.२०७३/७४ भित्र	
७.३.२. लैङ्गिक हिंसा पीडितहरूको उपचार गर्न तालिम प्राप्त	७.३.२ मेडिकोलिगल तालिम पाएकाहरूवाट उपचार गरिने गरेको			

स्वास्थ्यकर्मीको व्यवस्था गर्न लगाउन				
७.४.१. लैङ्गिक हिंसा (घरेलु हिंसा र बलत्कार) पीडितहरूका लागि क्लिनिकल प्रोटोकल (स्टाफनर्स, ए.एन.एम., मेडिकल अफिसर) तयार भइसकेको छ, लैङ्गिक हिंसा पीडितहरूको उपचारका लागि स्क्रीनिङ्ग एवं प्रेषण प्रोटोकल तयार गर्ने ।	७.४.१ तयार भैसहेको			
८.१.१. लैङ्गिक हिंसा विरुद्वका तालिम, जनचेतनामूलक कार्यक्रम, एकद्वार संकट व्यवस्थापन केन्द्रसँग सम्बन्धित विषयहरूमा समन्वय एवं सहकार्य गरी क्रियाकलापहरू गर्ने ।		२। ८.१.१. लैङ्गिक हिंसा विरुद्वका तालिम, जनचेतनामूलक कार्यक्रम, एकद्वार संकट व्यवस्थापन केन्द्रसँग सम्बन्धित विषयहरूमा समन्वय एवं सहकार्य गरी क्रियाकलापहरू गर्ने ।	२. आ.व.२०७३/७४ भित्र	
८.२.१. क्षेत्र, जिल्ला एवं		३।८.२.१. क्षेत्र, जिल्ला एवं स्थानीय		

स्थानीय तहमा रहेका सञ्जालहरूको नक्साङ्कन गर्ने ।		तहमा रहेका सञ्जालहरूको नक्साङ्कन गर्ने ।	३. आ.व.२०७३/७४ भित्र	
८.२.२. सञ्जालका पदाधिकारीहरूका लागि लैङ्गिक हिंसा सम्बन्धमा अभिमुखीकरण कार्यक्रम गर्ने ।		४।८.२.२. सञ्जालका पदाधिकारीहरूका लागि लैङ्गिक हिंसा सम्बन्धमा अभिमुखीकरण कार्यक्रम गर्ने ।	४. आ.व.२०७३/७४ भित्र	
९.१.१. चिकित्सक, नर्स र महिला स्वास्थ्य स्वयंसेविकाका लागि हाल भइरहेका तालिम प्याकेजहरूमा लैङ्गिक हिंसासम्बन्धी विषयवस्तुहरू समावेश गरी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने		५। ९.१.१. चिकित्सक, नर्स र महिला स्वास्थ्य स्वयंसेविकाका लागि हाल भइरहेका तालिम प्याकेजहरूमा लैङ्गिक हिंसासम्बन्धी विषयवस्तुहरू समावेश गरी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।	५. आ.व.२०७३/७४ भित्र	
९.२.१. स्वास्थ्य तालिम केन्द्रद्वारा सञ्चालित तालिम प्याकेजहरूमा लैङ्गिक हिंसासम्बन्धी विषयवस्तुहरू (अवधारण, सवालहरू, कानूनी	९.२.१ राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रवाट संचालन हुने लामो अवधीको स्तरवृध्दि हुने तालिम र सेवा प्रवेश तालिममा उल्लेखित विषयहरू			

उपचारको व्यवस्था÷प्रक्रिया, मानव अधिकार, सामाजिक परम्परा÷मान्यताबाट सिर्जित अवस्था) समावेश गरी तालिम सञ्चालन गर्ने ।	समावेश हुने गरेको			
९.३.१. जिल्ला अस्पतालसम्मका चिकित्सकहरूलाई बलात्कार पीडितहरूको क्लिनिकल व्यवस्थापन सम्बन्धी तालिम दिने ।		६। ९.३.१. जिल्ला अस्पतालसम्मका चिकित्सकहरूलाई बलात्कार पीडितहरूको क्लिनिकल व्यवस्थापन सम्बन्धी तालिम दिने ।	६. आ.व.२०७३/७४ भित्र	
९.३.२. जिल्ला अस्पताल तहसम्म फरेन्सिक परीक्षण गर्ने क्लिनिकल पूर्वाधारको व्यवस्था गर्ने र सो परीक्षणलाई कानूनी मान्यता दिने व्यवस्था मिलाउन ➢ नियमित बैठक÷समीक्षा ➢ नियमित प्रतिवेदन ➢ नियमित अनुगमन÷सुपरिवेक्ष		७। ९.३.२. जिल्ला अस्पताल तहसम्म फरेन्सिक परीक्षण गर्ने क्लिनिकल पूर्वाधारको व्यवस्था गर्ने र सो परीक्षणलाई कानूनी मान्यता दिने व्यवस्था मिलाउन ➢ नियमित बैठक/समीक्षा ➢ नियमित प्रतिवेदन ➢ नियमित, अनुगमन/सुपरिवेक्षण/पृष्ठपोषण/ फलोअफको व्यवस्था मिलाउन]	७. आ.व.२०७३/७४ भित्र	

ण÷ पृष्ठपोषण÷ फलोअफको व्यवस्था मिलाउने				
श्रम तथा रोजगार मन्त्रालय				
कार्ययोजनामा उल्लेखित क्रियाकलाप मध्य सम्पादित कार्यहरु /क्रियाकलापहरु	**प्राप्त नतिजा**	**सम्पादन गर्न बाँकी कार्य**	**बाँकी कार्य गर्न लाग्ने समय**	**कार्यान्वयनमा देखिएका प्रमुख समस्या**
१. कार्यस्थलमा हुने लैङ्गिक हिंसालाई सम्बोधन गर्नका लागि श्रम ऐन तथा नियमावली, वैदेशिक रोजगार ऐन तथा नियमावलीमा समय सापेक्ष सुधार गर्ने । ऐन नियममा भएका प्रावधानहरुको कार्यान्वयनलाई प्रभावकारी बनाउने ।	• श्रम विधेयक व्यावस्थापिका संसदमा दर्ता गरिएको । • वैदेशिक रोजगार ऐनको संशोधन मस्यौदा तयार भैरहेको । • सामाजिक सुरक्षा ऐनको विधेयक व्यावस्थापिका संसदमा सौद्धान्तिक छलफलको लागि कार्यसूचीमा रहेको। • १९ जिल्लामा सूचना तथा परामर्श केन्द्र स्थापना गरी वैदेशिक रोजगारमा जाने महिलाहरू समेतका लागि सूचना			संसदमा दर्ता भएका सामाजिक सुरक्षा विद्येयक र श्रम विद्येयक समयमै पारित हुन नसकेको ।

	तथा परामर्श सेवा दिने गरिएको । • सामाजिक सुरक्षा सम्बन्धी योजना अन्तर्गत मातृत्व संरक्षण सम्बन्धी सुरक्षा योजनाको कार्यविधि मस्यौदा तयार भएको ।			
२. लैङ्गिक हिंसाबाट प्रभावितहरुका लागि दक्षता अभिवृद्धि कार्यक्रम संचालन गर्ने ।	• पछि परेका र हिंसावाट प्रभावित महिलाहरूका लागि आवसीय महिला सीप विकास तालिम ६० जनालाई प्रदान गरिएको । • तालिमका विभिन्न पाठ्यक्रमहरु तयार गर्दा र परिमार्जन गर्दा लैंगिक हिंसा सम्बन्धी विषय समावेश गर्ने व्यवस्था मिलाइएको । • आवासीय तालिमका महिला सहभागीहरुलाई लेखपढ तथा हिंसा लगायतका विद्यमान कानूनहरुको बारेमा सामान्य जानकारी दिने			लैङ्गिक हिंसाबाट प्रभावित महिलाहरुको पहिचान हुन कठीनाई ।

	गरिएको । • व्यवासयिक तथा सीप विकास तालिम केन्द्रबाट सञ्चालन हुने तालिममा लैंगिक हिंसा र जोखिममा रहेका व्यक्तिलाई प्रथामिकता दिई सहभागी गराउने गरेको ।			
३. लैङ्गिक हिंसाबाट प्रभावित करिव ३०० जनाका लागि व्यावसायिक तथा स्वरोजगारमूलक सीप विकासका तालिम कार्यक्रमहरु संचालन गर्ने ।	• ६० जना महिलाहरुलाई आवासीय सीप विकास तालीम प्रदान गरिएको । • केशश्रृगार तालिम ६०४ जान र सिलाई कटाई तालिम ७८५जना महिलालाई प्रदान गरिएको । • नियमित तालीममा महिलाको सहभागिता हुने गरेको ।		निरन्तर	मागको पहिचान गरी तालिम संचालन गर्ने व्यवस्था नभएको ।
४. वैदेशिक रोजगारमा जान चाहने लैङ्गिक हिंसाबाट प्रभावित वा लैङ्गिक हिंसाका दृष्टिले उच्च जोखिममा रहेका महिला तथा	• सवै वैदेशिक रोजगारमा जाने महिला समेतका लागि २ दिने ११ कार्य घन्टाको अभिमुखीकरण तालिम मा लैङ्गिक हिंसा र जोखिमका विषय			लैङ्गिक हिंसाबाट प्रभावित महिलाहरुको पहिचान हुन कठीनाई ।

पुरुषहरुलाई प्राथमिकता दिईनेछ ।	समावेश गर्ने गरिएको । • वैदेशिक रोजगार प्रवर्द्धन वोर्डबाट श्रम गन्तव्य मुलुकहरुमा रहेका कुटनैतिक नियोगहरुलाई महिला कामदारको आपत्कालिन सहयोग र उद्धारको लागि माग र आवश्यकतानुसार राजदुतावासहरुमा रकम पठाइरहेको ।			
५. लैङ्गिक हिंसाको जोखिम कम गर्नका लागि जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने ।	• वैदेशिक रोजगारमा महिला कामदार जाने जिल्लाहरु सिन्धुपाल्चोक, उदयपुर, कैलाली र रसुवामा सामाजिक परिचालन, प्रशिक्षण, रेडियो सन्देशको माध्यमबाट लैङ्गिक हिंसाको जोखिम कम गर्नका लागि जनचेतनामूलक कार्यक्रमहरु प्रसारण निरन्तर भैरहेको । • वैदेशिक रोजगार विभाग			चेतनामूलक कार्यक्रमहरु सवै लक्षित वर्ग र क्षेत्र सम्म पुग्न नसकेको ।

	र श्रम विभाग मार्फत विभिन्न पत्र पत्रिकामा चेतनामूलक सन्देशहरु दिइएको । • श्रम कार्यालयहरु तथा रोजगार सूचना केन्द्रहरूबाट जनचेतना मूलक कार्यक्रम संचालन भै रहेको । • वैदेशिक रोजगार सूचना तथा परामर्श केन्द्र उदयपुर, सिन्धुपाञ्चोक , सिन्धुली, काँस्की, दाङ धनुषा, महोत्तरी लगायतका १९ जिल्लामा स्थापना गरी महिला कामदारहरु समेतलाई वैदेशिक रोजगारी सम्वन्धी सूचना प्रदान गरिने गरेको ।			
६. वैदेशिक रोजगारमा जाने महिलाहरुलाई लक्षित गरी काठमाण्डौंको २ स्थानमा वैदेशिक	श्रमग्रमा ताहाचलमा वैदशिक रोजगार सुचना केन्द्र स्थापना गरी वैदेशिक रोजगारमा जाने महिलाहरुलाई सुसूचित			

रोजगार सूचना केन्द्र स्थापना गर्ने ।	गर्ने गरिएको।			
७. वैदेशिक रोजगारमा जान इच्छुक महिलाहरुको लागि हाउसमेड, व्यूटिसियन,सेल्स,क्लिनर र मार्केटिङ्ग सम्बन्धी तालिम सञ्चालन गर्ने ।	वैदेशिक रोजगारमा जाने महिला सहितको कामदारहरुको लागि सीप मुलक तालिम सन्चालन गर्न तालिम प्रदायक संस्थाहरुबाट प्राप्त अशयपत्रको मूल्याङ्कन भई संस्थाहरु सुचीकृत भएको ।	तालिम सञ्चालन हुन बाँकी ।	१ वर्ष	तालिम सञ्चालनका लागि लामो प्रकृया पुरा गर्नु परेको ।
८. महिला कामदार बढी जाने जिल्ला सिन्धुपाल्चोक, उदयपुर, कैलाली र रसुवामा सामाजिक परिचालन, प्रशिक्षण, रेडियो सन्देश आदिको माध्यमद्वारा जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चलन गर्ने ।	• महिला कामदार बढी जाने जिल्ला सिन्धुपाल्चोक, उदयपुर, कैलाली र रसुवामा सामाजिक परिचालन, प्रशिक्षण, रेडियो सन्देश निरन्तर प्रसारण भैरहेको ।			
९. महिला केन्द्रीत उजुरी र गुनासोहरुको छुट्टै सूचना प्रणालीको विकास एवं उजुरी	• महिलाहरु समेतलाई केन्द्रित गरी COMPUTER प्रणाली मार्फत प्राप्त भएका			महिला केन्द्रित छुट्टै र उजुरी र गुनासोहरुको सूचना प्रणाली विकास हुन

फछ्र्यौटमा तदारुकता ल्याउने ।	उजुरीहरु अभिलेख राखेर प्राथमिकताका साथ फछ्र्यौट गर्ने गरिएको ।			नसकेको ।
१०. वैदेशिक रोजगारमा गई फर्केका महिलाका लागि स्थापना भएको सहायता केन्द्रको सुदृढीकरण गर्ने ।	• वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार प्रवर्द्धन वोर्ड र सुरक्षित आप्रवासन परियोजना अन्तर्गतका सूचना तथा परामर्श केन्द्रहरू मार्फत कार्यक्रम सञ्चालन भै रहेको ।			
११. सुरक्षित आवास गृहहरुमा पीडित महिलालाई मनोवैज्ञानिक परामर्श सहायता, उपचार, सीप, तालिम आदि सेवा उपलब्ध गराउने ।	• साउदी अरव, कतार, कुवेत र यूएईका दुतावासमा सुरक्षित आवासगृह संचालन भएको र उक्त आवासगृहले पीडित महिलाहरुलाई आश्यक सेवा उपलब्ध गराउदै आएको । • त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको सूचना कक्षबाट वैदेशिक रोजगारबाट फर्किएका र वैदेशिक रोजगारमा जाने महिला कामदारको पहिचान गरी आवश्यक			

	सहयोग प्रदान गरिने गरेको ।			
१२. वैदेशिक रोजगारमा जाने महिलाका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।	• वैदेशिक रोजगार प्रवर्द्धन वोर्डबाट ९७७ जना महिलालाई अभिमुखिकरण तालिमको रकम शोधभर्ना दिएको ।			
१३. श्रम गन्तव्य मुलुकहरुमा रहेका कुटनैतिक नियोगहरुलाई महिला कामदारको आपत्कालीन सहयोग र उद्दारको लागि रकमको व्यवस्था गर्ने ।	• राजदूतावासको माग बमोजिम राहत तथा उद्दारकालागि रकम पठाइएको ।			

महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय

कार्ययोजनामा उल्लेखित क्रियाकलाप मध्य सम्पादित कार्यहरु /क्रियाकलापहरु	**प्राप्त नतिजा**	**सम्पादन गर्न बाँकी कार्य**	**बाँकी कार्य गर्न लाग्ने समय**	**कार्यान्वयनमा देखिएका प्रमुख समस्या**
१.लैङ्गिक हिंसाबाट प्रभावितहरूको सुरक्षाको सुनिश्चित गर्न विद्यमान	• महिला विरुद्घ हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि CEDAW को आवधिक			

नीतिगत तथा कानुनी प्रावधानहरूको पुनरावलोकन गर्ने, आवश्यक भएमा अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम निर्दिष्ट नीति तथा कानुनको मस्यौदा गरी कार्यान्वयन गर्ने,	प्रतिवेदन CEDAW Cnference मा पठाउने क्रममा रहेको । • नेपालको वर्तमान संविधान अनुकुल हुने गरी महिलाको बिशेष अवसर सम्बन्धी कानून ,सबै किसिमका लैगिंक हिंसालाई कानून बमोजिम दण्डनीय बनाउने र पीडितलाई क्षतिपूर्ति दिने सम्बन्धी कानून तयार गर्नको लागि अध्ययन शुरु गरिएको । • विद्दमान कानूनहरुको संशोधनको प्रक्रिया शुरु गरिएको ।			
१.१ CEDAW कार्ययोजना पुनरावलोकन	CEDAw र BPFA सम्बन्धी कार्ययोजना पुनरावलोकनको प्रक्रियामा रहेको ।	महिला विरुद्घ हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि CEDAW र BPFA कार्ययोजना पुनरावलोकन आ. ब. २०७३।७४ मा सम्पन्न गर्ने कार्यक्रम रहेको ।	आ. ब. २०७३।७४ को प्रथम चौमासिकसम्म पुनरावलोकन सम्पन्न गर्ने कार्यक्रम रहेको ।	
१.२ लैगिंक समानता तथा सशक्तिकरण सम्वन्धी (BPFA) कार्ययोजना पुनरावलोकन,				
१.३ लैङ्गिक समानताका लागि कानुनी प्रावधानहरुको निर्माण,	➢ लैगिक हिंसा निवारण कोष (संचालन) नियमाबली २०६७ कार्यान्वयन भईरहेको । ➢ एकल महिला सुरक्षा कोष (संचालन)			

	नियमावली, २०७० निर्माण गरिएको। कोष संचालन मापदण्ड तयार गरी कार्यान्वयनमा आईसकेको । ➢ लैगिक हिंसा निवारण सम्बन्धी विद्यमान निर्देशिकाहरुलाई एकिकृत गर्ने निर्देशिकाको मस्यौदा तयार भएको । ➢ राष्ट्रिय लैगिंक नीतिको मस्यौदा तयार गरी छलफलको क्रममा रहेको । ➢ लैगिक समानता कायम गर्न तथा लैगिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन २०७२ ले ३१ वटा ऐन परिमार्जन भईसकेको । ➢ सन् २०३० सम्म बालविवाह अन्त्य गर्नेगरी राष्ट्रिय रणनिति २०७२ तयार भई कार्यान्वयनमा आएको ।			
२.१ घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ र महिला र केटी विरुद्ध हुने सबै प्रकारका हिंसा सम्बन्धी कानूनका वारेमा विभिन्न सञ्जाल, पारालिगल कमिटि र सामुदायिक संस्था मार्फत	➢ लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरूको एकिकृत विकास कार्यक्रम तथा महिला विकास कार्यक्रम मार्फत गराउने गरिएको ।			

जानकारी गराउने ।				
२.२ उजुरी र उपायसम्बन्धी संयन्त्रका बारेमा सर्वसाधारणलाई जानकारी गराउने ।	➢ लैङ्गि हिंसा सम्वन्धी उजुरी तथा अन्य उपायका वारेमा पोष्टर पम्प्लेटहरू छपाई गरी सार्वजजिक स्थानमा टास्ने तथा वितरण गर्ने गरिएको । ➢ बोक्सी आरोप विरुद्घ सचेतना कार्यक्रमहरु कठमाण्डौं,सप्तरी, रसुवा, धनुषा र नवलपरासीमा संचालन गरिएको । ➢ स्थानीय एफएमबाट जनचेतना मुलक सूचनाहरु प्रसारण भैरहेको । ➢ रेडियो नेपाल र नेपाल टेलिभिजनबाट लैङ्गिक हिंसा विरुद्ध जनचेतनामुलक कार्यक्रम संचालन गरिएको । ➢ विनाशकारी भुकम्पपछि महिला तथा			

	बालबालिकाहरु हिंसाको उच्च जोखिममा देखिएकोले सो सम्बन्धमा पर्ने हुदा रेडियो र टेलिभिजन मार्फत सूचनाहरु प्रवाह गरिएको ।			
३. हिंसा प्रभावित महिलाहरूको सुरक्षा गर्न, उनीहरूलाई पूर्वावस्थामा ल्याउन एवं क्षतिपूर्ति दिलाउन औजार (टुल्स) हरू विकास गर्ने र कानून कार्यान्वयन गर्न, निर्णय निर्माण, ग्रहण र अभ्यास गर्न न्यायपालिका, प्रहरी लगायतका कानून कार्यान्वयन गर्ने पदाधिकारीहरूको क्षमता विकास गर्ने ।	➢ लैगिंक हिंसा प्रभावितलाई मनोसामाजिक विमर्शकर्ताहरुबाट मनोसामाजिक परामर्श (councelling) को व्यवस्था गरिएको । ➢ १४वटा जिल्लामा मनोसामाजिक परामर्श केन्द्र स्थापना गरिएको । ➢ क्षमता विकास सम्बन्धी विभिन्न तालिम, सेमिनार तथा गोष्ठीहरु संचालन भएको । ➢ लैगिक समानता कायम गर्न तथा लैगिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन २०७२ बमोजिम मुलुकी ऐनमा भएको संशोधन अनुसार बलात्कार पीडितलाई अदालतको फैसला बमोजिम तत्काल पीडकले क्षतिपूर्ति			

	दिन नसकेको अवस्थामा लैगिंक हिंसा निवारण कोषबाट क्षतिपूर्ति प्रदान गर्ने निर्णय भई कार्यान्वयनमा आईसकेको ।हालसम्म १० जनालाई लैगिंक हिंसा निवारण कोषबाट क्षतिपूति प्रदान गरिएको ।			
३.१ ७५ जिल्लाका महिला विकास अधिकृतलाई महिला सम्वन्धी ऐन नियमको विषयमा तालिम संचालन ।	➢ काँस्की, विराटनगर र नेपालगंजमा ७५ जिल्लाका महिला विकास अधिकृतलाई महिला सम्वन्धी ऐन नियमको विषयमा तालिम संचालन गरिएको । ➢ हरेक आर्थिक वर्षको समीक्षा कार्यक्रम र योजना तर्जुमा गोष्ठीमा महिला तथा बालबालिका विभागले ७५ जिल्लाकै महिला विकास अधिकृतहरुलाई जम्मा गरी सम्बन्धित ऐनहरुको बारेमा जानकारी गराएको ।			।
४.१ लैगिक विभेदजन्य हिंसा विरुद्धको सूचना व्यवस्थापन प्रणाली विकास	➢ सबै मन्त्रालय, निकाय तथा आयोगहरुका लैगिंक सम्पर्क व्यक्तिहरुबाट सूचना संकलन गरी			

गर्ने/अध्यावधिक गर्दै लैजाने ।	सूचना व्यवस्थापन प्रणालीलाई अध्यावधिक गर्ने कार्य शुरु गरिएको । ➢ मन्त्रालयको वेवसाइटमा सेवा नामक लिंक स्थापना गरी सरकारी तथा गैरसरकारी निकायबाट लैगिक हिंसा तथा मानव बेचविखन नियन्त्रणको लागि उपलब्ध सेवाहरुको जानकारी लिन (www.sewa.mowcsw.gov.np) सकिने व्यवस्था गरिएको			
५.१ लैङ्गिक हिंसाबाट प्रभावितहरुको बचाउ एवं सुरक्षा प्रदान गर्न आवश्यक भएका स्थानमा समुदायमा आधारित सेवा केन्द्र स्थापना/सुदृढीकरण र सञ्चालन गर्ने । • प्रत्येक निर्वाचन क्षेत्रमा सामुदायिक परामर्श कार्यशाला, ३ दिने, गाउँस्तर (महिला संस्था/समितिलाई कार्यक्रम अनुदान) • घरेलु हिंसाबाट प्रभावित	➢ महिला संस्थाहरूको समन्वयमा सुरक्षित अल्पकालीन आश्रयसहित जिल्ला सेवा केन्द्र १७ जिल्लामा स्थापना तथा संचालन गरिएको (पाँचथर, सुनसरी, सोलुखुम्बु, सप्तरी, सर्लाही, मकवानपुर, नवलपरासी, तनहुँ, काभ्रे, बाग्लुङ, जुम्ला, दाङ, बर्दिया, डोटी र कञ्चनपुर प्युठान र रौतहट) साथै सोही जिल्लाहरुको विभिन्न १०४ स्थानमा सामुदायिक सेवा केन्द्रहरु संचालनमा रहेका । ➢ हिंसा पीडित महिला तथा किशोरीहरुलाई पुनस्थापना गर्न मंगला साहाना दीर्घकालीन			

महिलाका लागिसेवा केन्द्र स्थापना • महिला संस्थाहरूको समन्वयमा सुरक्षित अल्पकालीन आश्रयसहित जिल्ला सेवा केन्द्र स्थापना तथा सञ्चालन अनुदानः १५ जिल्ला (प्रतिजिल्ला हिमाल रु ४ लाख, पहाड रु ६ लाख, र तराई रु ८ लाख) पाँचथर, सुनसरी, सोलुखुम्बु, सप्तरी, सर्लाही, मकवानपुर, नवलपरासी, तनहुँ, काभ्रे, बाग्लुङ, जुम्ला, दाङ, बर्दिया, डोटी र कञ्चनपुर) • प्रत्येक निर्वाचन क्षेत्रमा महिला संस्थाहरूको समन्वयमा सुरक्षित अल्पकालीन आश्रयसहित (कम्तिमा एक) सामुदायिक सेवा केन्द्र स्थापना तथा सञ्चालन	पुनस्थापना केन्द्र स्थापना गरी संचालनमा आइरहेको । ➢ सेवा केन्द्रबाट हालसम्म करिव १६४२८ जनाले सेवा प्राप्त गरेको । ➢ लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरुको एकिकृत विकास कार्यक्रम ७५ जिल्लामा संचालन भैरहेको । ➢ चालु आ.व.मा ३४ वटा (राष्ट्रपति महिला उत्थान कार्यक्रमबाट २५ वटा र नियमित कार्यक्रमबाट ९ वटा) सुरक्षित अल्पकालीन आश्रयसहित जिल्ला सेवा केन्द्र स्थापना गरिने र २ वटा प्रदेशमा दीर्घकालीन सेवा केन्द्र र ९७ स्थानमा सामुदायिक सेवा केन्द्र स्थापना गर्ने कार्यक्रम रहेकोछ ।			

अनुदान				
५.२ मानव बेचविखन विरुद्ध गठित सबै ७५ जिल्लाका जिल्ला कार्यसमितिलाई अनुदान दिने ।	➢ २१ डान्स बार रेष्टुरेन्ट अनुगमान समिति मार्फत कार्यक्रम संचालन काठमाण्डौं, ललितपुर, भक्तपुर, विरंगन्ज, विराटनगर, कास्की, बाँके, चितवन र रुपन्देहीमा अनुगमन तथा अन्तक्रिया कार्यक्रम सम्पन्न गरिएको । ➢ ७५ जिल्लाका मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिहरु मार्फत सचेतना कार्यक्रम संचालन (समुदायस्तरीय अभिमुखीकरण तथा कानूनी सचेतना, एफ.एम. रेडियो बाट सन्देश प्रचार प्रसार, मानव बेचबिखन तथा ओसारपसार विरुद्घको दिवश मनाएको, ब्रोसर उत्पादन तथा प्रसार, मानव बेचबखिन विरूद्ध सन्देश मूलक फ्लेक्स छपाई तथा वितरण, होर्डिङ्ग बोर्ड स्थापना) ➢ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्न सार्वजनिक यातायातका सवारी चालक तथा परिचालकहरूमा जनचेतनामूलक तथा			अन्तर सम्वन्धित निकायहरुसंग समयानुकूल समन्वयको अभाव । स्थानीय समितिहरुको क्षमता अभिबृद्दि गरी प्रभावकारी रुपमा परिचालन गर्न नसकिएको ।

	क्षमता अभिबृद्धि कार्यक्रम (कन्चनपुर, कैलाली, बाँके, कपिलवस्तु, रुपन्देही, चितवन, मोरङ्ग र झापा) तालिम संचालन गरिएको ।			
५.३ मानव बेचविखनबाट पीडित प्रभावितहरूको लागि पुनस्र्थापना कोष (काठमाडौं, सिन्धुपाल्चोक, कैलाली, झापा, पर्सा, रूपन्देही, बाँके र चितवन जिल्लामा सञ्चालित पुनस्र्थापना केन्द्र सञ्चालन समेत)	➢ वटा पुर्नस्थापना केन्द्रबाट मानव बेचबिखनबाट पीडित एवं प्रभावितहरुको लागि अन्तरिम आवासीय हेरचाह स्वस्थ्यउपचार सेवा मनोसामाजिक परामर्श, कानूनी सहायता सीप विकास तालिम बिउ पूंजी अदालती कारवाहीको सिलसिलामा यातायात खर्च सम्बन्धी सेवा आदि प्रदान गरिएको । ➢ यस आ.ब मा भारत थाइल्याण्ड, अबुधावीस्थीत राजदूताबास, र कोलकत्तास्थीत महाबाणिज्यदुताबासमा र थाइल्याण्स्थीत राजदुताबासहरुमा बिदेशमा रहेका मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावितहरुको			

	उद्धार र स्वदेशफिर्तीका लागि पुर्नस्थापना कोषबाट रु. १०,३२००० रकम पठाइएको । ➢ ७५ जिल्लाका महिला विकास अधिकृत जिल्ला प्रशासन कार्यालय जिल्ला विकास समितिको कार्यालय पत्रकार महासंघ, ल्न्इ ३५० जनाहरुलाई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धमा दुइ दिने क्षमता अभिबृद्धि कार्यक्रम मार्फत मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी नीतिगत दस्तावेजबारे अनुशिक्षण प्रदान गरिएको । ➢ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण बिषय हेर्ने ७५ जिल्लाका फोकल व्यक्तिहरुलाई दिने कानूनी कार्ययोजना तथा प्रतिबेदन तयार गर्ने बिषयक क्षमता अभिबृद्धि तालिम १२० जनालाई प्रदान गरिएको ।			

६.१ लैङ्गिक हिंसा निवारण राष्ट्रिय कोष	➢ लैङ्गिक हिंसा निवारण कोष स्थापना गरिएको ,जसमा नियमित रुपमा बार्षिक कार्यक्रम मार्फत रकम जम्मा गर्ने गरिएको । ➢ लैंगिक हिंसा निवारण कोष संचालन नियमावली २०६७ लाई पीडित मैत्री बनाउन दोस्रो संशोधनको कार्य भइरहेको । ➢ एकल महिला सुरक्षा कोष (संचालन) नियमावली, २०७० को प्रावधान अनुसार एकल महिला सुरक्षा कोष कोष खडा भएको । सो कोषबाट ७५ वटै महिला तथा बालबालिका कार्यालयमा रकम पठाइएको ।			
६.२ ७५ जिल्लामा लैङ्गिक हिंसा निवारण जिल्ला कोष खडा गर्ने,	लैंगिक हिंसा निवारण कोष संचालन नियमावली २०६७ बमोजिम ७५ जिल्लामा नै जिल्ला राहत कोष स्थापना गरिएको र शुरुको वर्षको ७५ जिल्लामा ७५ हजारका दरले हिंसा पीडितलाई उद्धार गर्नका लागि रकम पठाइएको तत् पश्चात कोषमा रकम सकिएमा जिल्लाको माग अनुसार प्रगति प्रतिवेदनका आधारमा कोषमा रकम पठाउने गरिएको । हालसम्म २६७२ जनाले राहत तथा आर्थिक सहयोग प्राप्त			

	गरिसकेकाछन् । लैंगिक हिंसा निवारण कोषमा हाल रु.४,७६,९८,७९५। रकम बाँकी रहेकोछ ।			
७. लैङ्गिक हिंसा, हानिकारक परम्परागत अभ्यासहरू, मानव अधिकार, लैङ्गिक समानता, महिला सशक्तिकरण र लैङ्गिक हिंसाबाट व्यक्ति, परिवार, समुदाय र राष्ट्रमा पर्ने प्रभाव र यसमा चुकाउनुपर्ने मूल्यका बारेमा सबै क्षेत्रमा इमान्दार नेता र विचारवेत्तासहित विभिन्न लिङ्ग, भाषिक समूह, जाति, समुदाय तथा भौगोलिक क्षेत्रमा उपयुक्त सूचना शिक्षा सामग्री र व्यवहार परिवर्तन सामग्री प्रयोग गरी चेतनामूलक अभियान विकास गरी कार्यान्वयन गर्ने ७.१ केन्द्रीय र जिल्ला स्तरमा प्रचार प्रसार (पोष्टर, पम्पेट, स्टिकर छपाई तथा वितरण)	स्थानीय एफएमबाट जनचेतना मुलक सूचनाहरु प्रसारण भएको । रेडियो नेपाल र नेपाल टेलिभिजनबाट लैंिगक हिंसा विरुद्ध जनचेतनामुलक कार्यक्रम संचालन भएका । विनाशकारी भुकम्पपछि महिला तथा बालबालिकाहरु हिंसाको उच्च जोखिममा पर्ने हुदा रेडियो र टेलिभिजन मार्फत सूचनाहरु प्रवाह गरिरहेको । माननीय सांसदहरुसगँ बालविवाहको न्यूनीकरण मार्फत लैगिंक हिंसाको सम्बोधन विषयक अन्र्तक्रिया कार्यक्रम र लैंगिक हिंसाको विद्यमान कानुन र वर्तमान अवस्थाको बारेमा जानकारी गराउने कार्यक्रम संचालन गरिएको । केन्द्रीयस्तरमा लैगिंक सम्पर्क विन्दुहरुलाई २ दिने अभिमुखीकरण तालिम दिईएको।			

८. लैङ्गिक समानता र महिला तथा बालिका विरुद्ध हुने हिंसाप्रति शून्य सहनशीलता सम्बन्धी सन्देश र सुनियोजित हस्तक्षेपसहित पुरुष तथा केटाहरूलाई साझेदार र परिवर्तनको संवाहकका रूपमा सक्रियरूपमा संलग्न गराउने, ८.१ रेडियोसंग प्रचार प्रसार सहकार्य गर्ने,	लैगिंक हिंसा विरुद्घको १६ दिने अभियान विभिन्न कार्यक्रमहरु गरी मनाईएको । यसको साथै लैगिंक हिंसा निवारण गर्न १६ दिने अभियानको सिलसिलामा आफ्नो क्षेत्रमा ख्याती प्राप्त तीनजना व्यक्तिलाई लैगिंक हिंसा विरुद्घको सद्भावना राजदूत नियूक्ति गरिएको । रेडियो नेपाल र नेपाल टेलिभिजनबाट लैङ्गिक हिंसा विरुद्ध जनचेतनामुलक कार्यक्रम संचालन भएको । विनाशकारी भुकम्पपछि महिला तथा बालबालिकाहरु हिंसाको उच्च जोखिममा पर्ने हुदा रेडियो र टेलिभिजन मार्फत सूचनाहरु प्रवाह गरिरहेको । ७५ वटै महिला तथा बालबालिका कार्यालयहरु मर्फत महिला पुरुष समविकास कार्यक्रम संचालन भईरहेको ।			
९. हिंसालाई प्रतिरोध गर्न महिला तथा बालिकाहरुको सामूहिक क्षमता अभिवृद्धि गर्ने, • जीवनोपयोगी तालिम, १०	आ. व.२०७२। ७३ अवधिसम्म ➢ जीवनोपयोगी तालीम ७०७६ जनालाई प्रदान गरिएको । ➢ महिला सहकारी संस्था मार्फत ८७ स्थानमा किशोरी सूचना तथा परामर्श केन्द्र संचालनमा रहेका ।			

दिने, गाँउस्तर (महिला संस्था/समितिलाई कार्यक्रम अनुदान) • महिला संस्थामा किशोरी सूचना तथा परामर्श केन्द्र सञ्चालन • महिला संस्थामार्फत अति विपन्न किशोरी विकास टेवा • व्यावसायिक किशोरी समूह विकास • स्थानीय सम्भाव्यता हेरी सर्वोत्तम व्यावसायिक अवसर पहिचान तथा कार्ययोजना तयारी • सीप विकास तालिम, ५ दिने, जिल्लास्तर र वस्तुगत टेवा (प्रतिव्यक्ति रु २,०००/ विकास लागत २-२.५ जिल्ला रु २,५००/ विकास लागत ३ जिल्ला रु ३,५००)	➢ महिला संस्थामार्फत अति विपन्न किशोरी विकास टेवा ५७६५ जनालाई प्रदान गरिएको । ➢ सीप विकास तालिम ५७६५ जनालाई प्रदान गरिएको । ➢ २१० जना मुक्त कमलरीलाई सशक्तिकरण कार्यक्रम(दाङ्ग, सुर्खेत, बाँके, बर्दिया, कैलाली र कन्चनपुर) ➢ महिला तथा बालबालिका कार्यालयहरूबाट प्रबद्र्धित महिला संस्थाहरूमा ४५२४६ जना नयाँ सदस्यहरूलाई अनुशिक्षण कार्यक्रम ➢ पहिले गठन भएका महिला समूहहरूमा आवद्ध महिलाहरूलाई लक्षित गरी महिला तथा बालबालिका कार्यालयहरूले प्रदान गरेको जिल्लास्तरीये नेतृत्व विकास तालिम विषयमा ६९३९ जनालाई अभिमूखीकरण गरिएको । ➢ महिला विकास कार्यक्रम मार्फत समूह ,समिति र संस्था गठन र परिचालन गरी सशक्तीकरणका विभिन्न तालिम निरन्तर रुपमा प्रदान गरिरहेको । ➢ हिंसा निवारण्का घटना पहिचान तथा			

	पीडितको न्यायमा पहुँच स्थापना गर्न सामुदायिक संरक्षण एवं सम्प्रषण सेवा प्रदान गरिएको । ➢ सामाजिक परिचालन, सहजीकरण र अभिलेखीकरण कार्यक्रम संचालन गरी हिंसा विरुद्द अभियान संचालन गरिएको ।			

गृह मन्त्रालय

कार्ययोजनामा उल्लेखित क्रियाकलाप मध्य सम्पादित कार्यहरु /क्रियाकलापहरु	प्राप्त नतिजा	सम्पादन गर्न बाँकी कार्य	बाँकी कार्य गर्न लाग्ने समय	कार्यान्वयनमा देखिएका प्रमुख समस्या
भौतिक पूर्वाधारको निर्माणः	➢ लैंगिक हिंसा पिडित/प्रभावितहरुको न्यायमा सहज पहुँच तथा सेवा केन्द्रको प्रभावकारी सेवा प्रवाहका लागि हाल प्राथमिकताको आधारमा तय गरिएको १५ जिल्लाहरु मध्ये सिन्धुली,दोलखा, बाँके र सुर्खेत जिल्लाहरुमा महिला तथा बालबालिका सेवा केन्द्रको भवन निर्माण कार्य सुरु गरि सकिएको ।	➢ हाल बझांग, धादिंग र सप्तरीमा सेवा केन्द्रको भवन निर्माणको कार्य थालनी गरिएको छ । त्यस्तै अछाम गोर्खा, तनहुँ, प्युठान र रोल्पामा नक्शांकन भईसकेको,		

		भवन निर्माणको लागि contract को तयारी भइसकेको ।		
१.१.१. प्राथमिकताको आधारमा १० जिल्लाहरूमा महिला तथा बालबालिका सेवा केन्द्रको कार्यालय स्थापनाको लागि पहल गर्ने ।	➢ कारागार कार्यालय झुम्काको शत प्रतिशत कार्य सम्पन्न ।भीमफेदी मकवानपुरको ९० प्रतिशत सम्पन्न ➢ बर्दियाको नयां महिला ब्लक निर्माण कार्य सम्पन्न ।	शौचालय, सेप्टी ट्यांकी,पानी ट्यांकी,गोलघर र कम्पाउण्डवाल निर्माण भई रहेको ।		भवन निर्माण कार्य सम्पन्न भए पनि शौचालय,सेप्टी ट्यांकी,पानी ट्यांकी, गोलघर र कम्पाउण्डवाल निर्माणाधीन रहेको र भवनको प्रवेशमार्ग र माथिल्लो वारंदामा नेटजाली नराखे सम्म नया भवनमा बन्दि सर्न नसकिने हुँदा उक्त कार्य सम्पन्न भए पश्चात खाली हुने पुरानो भवनमा महिला बन्दीहरुलाइ राख्ने

				व्यवस्था हुने ।
१.१.३ नयाँ भवन निर्माण गर्दा आवश्यक सुविधासहितको छुट्टै महिला थुनुवा कक्ष बनाइने	नँया भवन निर्माण गर्दा सो अनुसार शतप्रतिशत सम्पन्न भई भवन संचालनमा आएका र अव निर्माण गर्दा पनि १.१.३ अनुसार गरिनेछ ।	नभएको		
सन् २०१० को नेपाल प्रहरीको कार्ययोजनामा माग भए अनुसारको थप दरबन्दी प्राप्त गर्नको लागि पहल गर्ने । महिला तथा बालबालिका सेवा केन्द्रमा दरबन्दी भएका प्रहरी कर्मचारीहरू सोही स्थानमा कार्यरत रहने व्यवस्था गर्ने र दरबन्दी अपुग भएका र दरबन्दी नै नभएका तर महिला तथा बालबालिका सेवा केन्द्र स्थापना भएका भनिएका प्रहरी कार्यालयहरूमा महिला तथा बालबालिका सेवा केन्द्रहरूको लागि माग भएको थप दरबन्दी परिपूर्ति नभएसम्मको लागि आवश्यक प्रहरी जनशक्ति व्यवस्था गर्न पहल गर्ने ।	➢ नेपाल प्रहरीमा केन्द्रदेखि इलाका स्तरसम्म २४३ स्थानमा महिला तथा बालबालिका सेवा केन्द्रहरु स्थापना भई कार्य संचालन भैरहेको जसको लागि १३५३ दरबन्दी कायम रहेको अवस्था छ । उक्त दरबन्दी परिपूर्ति गर्न तर्फ पहल भईरहेको ।			
➢ केन्द्रीयस्तरमा Gender Unit लाई छुट्टै शाखाको रूपमा गठन गर्ने ।	२०७२ फाल्गुन महिनादेखि केन्द्रियस्तरमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगन्जमा GESI Un(Gender Equality & Social			

	Inclusion Unit) स्थापना भई प्रहरी कर्मचारीहरुलाई लैंगिक हिंसा सम्बन्धि तालिम प्रदान गरिंदै आएको | अ) सशस्त्र प्रहरी बल प्रधान कार्यालय लगायत स.प्र.बल सिद्धकाली गण स.प्र.बल त्रिपुरा गण तथा स.प्र.बल सीमा सुरक्षा कार्यालय रुपन्देहीमा छुट्टै लैङ्गिक इकाई भवन निर्माण भइसकेकोले सोही भवनबाट काम काज संचालन गर्दै आईरहेको । आ) सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा छुट्टै लैङ्गिक शाखा (Gender Unit) को स्थापना गरिएको । साथै क्षेत्रीय कार्यालयहरु गण सीमा सुरक्षा कार्यालय तथा गुल्महरुमा Gender Desk खडा गरी काम काज संचालन गरिएको ।			
क्षमता अभिवृद्धि: १.५.१ महिला तथा बालबालिका सेवा केन्द्रमा कार्यरत प्रहरी कर्मचारीहरूको लागि तालीम, सेमिनार, गोष्ठीहरूको	➢ महिला तथा बालबालिका सेवा केन्द्रमा कार्यरत प्रहरी कर्मचारीहरुको कार्यगत एकता,सेवा प्रभावकारिता, जनशक्ति			

आयोजना गर्ने ।	व्यवस्थापन, मातहतका कर्मचारीहरुले भोगिरहेका वर्तमान समस्या, चुनौति, महिला बालबालिका विरुद्दको अपराधको अवस्था आदिको बारेमा विस्तृत छलफल र अध्ययन गरि सेवा केन्द्रको सेवालाइ थप प्रभावकारी बनाउन आवश्यक रणनीति र योजना तयार गर्ने उदेश्य अनुरुप मिति २०७२/१०/७ र ८ गते संगठन प्रमुख प्रहरी महानिरीक्षक उपेन्द्रकान्त अर्यालज्युको प्रमुख अतिथ्यमा प्र.प्र.का परिचालन कक्षमा महिला तथा बालबालिका सेवा केन्द्र प्रमुखहरुको २ दिने कार्यशाला गोष्ठी संचालन गरिएको ।			
१.५.२. Gender Unit मा कार्यरत सशस्त्र प्रहरी कर्मचारीलाई स्वविवेकको प्रयोग गरी निर्णय गर्ने (अधिकारको प्रयोग गर्न सक्ने गरी) क्षमता अभिवृदि गर्ने ।	➢ Gender Unit मा कार्यरत सशस्त्र प्रहरी कर्मचारीहरुलाई पीडितको गुनासो सम्बोधन गरी सहजकर्ताको भूमिका निर्वाह गर्न विभिन्न तालिम तथा गोष्ठीहरुको संचालन गरिएको तथा समय सापेक्ष मातहत कार्यालयहरुमा परिपत्रहरु गरिएको ।			

	➢ केन्द्रीय क्षेत्रीय तथा तालिम केन्द्रहरुमा लैङ्गिक हिंसा विरुद्धका पुस्तकहरु पीडितले दिने निवेदनको ढाँचा हिंसाको प्रकृती हेरी संगठनले गर्न सक्ने सम्बोधन र कानूनी प्रकृयामा जानको लागि सहजकर्ताको भूमिका जस्ता विषयहरु समेटिएका जानकारीमूलक पुस्तकहरु उपलब्ध गराईएको ।			
१.५.३. सीप तथा क्षमता अभिवृद्धिका लागि सीप विकाससँग सम्बन्धित तालिम विभित्र ६ वटा कारागारहरूमा सञ्चालन गर्ने उक्त तालिममा महिला कैदी/बन्दीको बढी सहभागिता गराई पुनःसामाजिकीकरणको माध्यमद्वारा पूर्वावस्थामा ल्याउने ।	देशका विभिन्न ८ वटा (जगन्नाथदेवल, पाल्पा, महोत्तरी, झापा, चितवन, मोरङ, पर्सा, कैलाली) कारागारमा ३२० जना महिला कैदीहरुलाई सिपमुलक तालिम प्रदान गरिएको ।			
१.५.४. अध्यागमन विभागअन्तर्गतका सबै कार्यालयहरूमा कार्यरत कर्मचारीलाई दिइने तालिममा लैङ्गिक हिंसासम्बन्धी विषय समावेश गरिने ।	➢ सो अनुसार तालिममा लैंगिक हिंसा सम्बन्धि विषय समावेश गरिएको छ ।			
१.५.५. त्रिभुवन विमानस्थल लगायत सबै अध्यागमन कार्यालयहरूमा क्रमशः Gender Focal Person तोकिन	➢ अध्यागमन कार्यालयहरु र अन्य सरोकार कार्यालयहरुमा Gender Focal Person तोकिएको ।			
➢ Gender Desk मा कार्यरत सशस्त्र	➢ लैङ्गिक हिंसा विरुद्ध Gender			

प्रहरी कर्मचारीहरूका लागी तालिम, सेमिनार, गोष्ठी आदिको व्यवस्था गर्ने । ➢ विभागीय कर्मचारीहरूलाई लैङ्गिक हिंसाविरुद्ध संवेदनशील हुनका लागि विभाग र क्षेत्रीय तथा जिल्लास्तरमा आवश्यक सचेतना कार्यक्रम, गोष्ठी र तालिमहरूको सञ्चालन गर्ने ।	Desk मा कार्यरत सशस्त्र प्रहरी कर्मचारीका लागि समयसमयमा व्रिफिङ्ग तालिम तथा सेमिनार आदिको संचालन गरिएको । ➢ मासिक रुपमा स.प्र.बल महानगरीय स.प्र. कार्यालय तथा क्षेत्रीय कार्यालयहरुमा लैङ्गिक हिंसा विरुद्धका तालिमहरु संचालन गर्ने गरिएकोमा आ.व. 072/073 मा कुल 827 जना सशस्त्र प्रहरी कर्मचारीलाई तालिम प्रधान गरिएको ।			
सचेतना कार्यक्रम: २.१.१. नेपाल प्रहरीको तालिम निर्देशनालय तथा विभिन्न संघसंस्थाहरूसँग समन्वय गरी प्रहरी अधिकृत तथा जवानहरूलाई लक्षित गरी लैङ्गिक हिंसासम्बन्धी तालिम तथा अनुशिक्षण कार्यक्रमहरू सञ्चालन गर्ने ।	➢ महिला तथा बालबालिका विरुद्धको १६ दिने अपराध अनुसन्धान तालिमको पाठ्यक्रम नेपाल प्रहरीको तालिम क्यालेण्डरमा नै समावेश गरि सिनियर प्रहर अधिकृत तथा जुनियर प्रहरी अधिकृतहरुलाई लैंगिक हिंसा सम्बन्धि तालिम प्रदान गरिंदै आएको | ➢ प्रहरी कर्मचारीहरुलाई अभिमुखीकरण, Crime Data Report का साथै SOP on			

	victim care support सम्बन्धि अनुशिक्षण प्रदान गरिएको | जसमा १५ जिल्लाका ५८३ जना प्रहरी कर्मचारी (८२ जना महिला प्रहर कर्मचारी समेत) लाई अभिमुखीकरण गरिएको |			
२.१.२. विज्ञ स्रोत ब्यक्तिको व्यवस्था गरी केन्द्र लगायत क्षेत्रस्थित सशस्त्र प्रहरी बलका विभित्र एकाईहरूमा कार्यशाला गोष्ठी, अन्तक्रिरया कक्षाहरू सञ्चालन गर्ने ।	➢ तालिम संचालन गर्दा सम्बन्धित विषयका श्रोत व्यक्ति बाट समेत प्रशिक्षण गर्ने गरिएको (महिला तथा बालबालिकासँग सम्बन्धित महिला विकास शाखा घरेलु हिंसासँग सम्बन्धित जिल्ला अदालत तथा पुनरावेदन अदालतमा कार्यरत वकिलहरु यस क्षेत्रमा कार्य गर्ने विभिन्न गैह्र-सरकारी संस्थाका श्रोत व्यक्तिहरु) ।			
२.१.३. सचेतना अभिवृद्धि गर्न पोष्टर, पम्ल्पेट, हातेपुस्तकहरू तयार गरी वितरण गर्ने ।	सोहि अनुसार तयार गरि वितरण गरिएको छ |			
२.१.४. कारागार व्यवस्थापनसँग सम्बन्धित एवं कारागारमा रहेका महिला कैदी बन्दीहूलाई लक्षित गरी उनीहरूको मानव अधिकारको सम्बन्धमा शिक्षा	➢ समय समयमा विभिन्न कारागारहरुमा महिला लक्षित शिपमुलक कार्यक्रम संचालन गर्ने गरिएको साथै सरकारी तथा			

तालिम, सचेतना र प्रशिक्षण प्रदान गर्ने ।	गैरसरकारी संघ संस्थाहरुलाई विभागबाट अनुमति लिई देशभर रहेका कारागारहरुमा महिला लक्षित कार्यक्रम संचालन हुने गरेको ।			
३.१.१ अनधिकृत रूपमा विदेश जाने महिलाहरूलाई निगरानी गरी रोक्ने ।	निगरानी गर्ने कार्यलाई निरन्तरता दिइएको ।			
३.१.२. विदेश जाने महिला तथा पुरूषहरू उपर पर्ने उजुरीको सुनुवाई गरी कारवाहीको पहल गरिने ।	कारवाही भईरहेको ।			
जिल्ला प्र्रहरी कार्यालयहरूले मासिक रूपमा गर्नुपर्ने चेतनामूलक कार्यक्रमहरू केन्द्रबाटै तयार गरी सम्बन्धित जिल्ला प्रहरी कार्यालयहरूमा पठाई कार्यान्वयन गर्न लगाउने ।	➢ जिल्लाको बार्षिक कार्यक्रम केन्द्रबाटै निर्माण गरि सोहि अनुसार कार्यक्रम संचालन गर्न निर्देशन दिइएको । साथै जिल्लाहरुबाट समेत सचेतना कार्यक्रमहरु संचालन भईरहेको । ➢ घरेलु हिंसा, जबरजस्तीकरणी, मानवबेचबिखन, हराएका बालबालिका, लैंगिक हिंसा सम्बन्धमा समुदायको भूमिका आदि सम्बन्धि पोस्टर तथा महिला तथा बालबालिका सेवा केन्द्रको जानकारी बारे फ्लेक्स प्रकाशन गरि विभिन्न			

	जिल्लाहरुमा वितरण गरिएको ।			
आचारसंहिता: ➢ सबै प्रहरी कर्मचारीहरूलाई पर्याप्त हुने गरी लैङ्गिक हिंसासम्बन्धी आचारसंहिता तयार गरी, छपाइ तथा वितरण गर्ने ।	➢ गृह मन्त्रालयबाट "प्रहरी कर्मचारीहरुका लागि लैङ्गिक हिंसा सम्बन्धी आचारसंहिता" प्रकाशन गरि सबै प्रहरी कर्मचारिहरुमा वितरण गरिएको			
➢ आन्तरिक रूपमा आचारसंहिता सर्कुलर जारी गर्ने र लैङ्गिक हिंसाविरूद्घ लाग्न अभिप्रेरित गर्ने ।	➢ आन्तरिक रुपमा लैङ्गिकमैत्री वातावरणको श्रृजना गर्ने तथा हिंसालाई निरुत्साहित गर्ने उद्देश्यले विभिन्न मितिमा परिपत्र गरिएको । ➢ लैङ्गिक हिंसा विरुद्धको सचेतनामूलक हातेपुस्तिका 2071 प्रकाशन गरी वितरण गरिएको ।			
➢ राष्ट्रिय अनुसन्धान विभागका कर्मचारीका लागि आचारसंहिता तयार गरी लागू गर्ने	➢ राष्ट्रिय अनुसन्धान विभाग र अन्तर्गत कार्यरत कर्मचारीहरुको आचारसंहिता २०७०" नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति२०७०/५/३० को निर्णयबाट स्वीकृत भई क्रियाशील छ ।			
अपराध अभिलेख तथा विश्लेषण: ➢ अपराधहरूको अभिलेख संकलन तथा विश्लेषण गर्ने पद्धतिलाई क्षेत्रीय	➢ लैंगिक हिंसाका अपराधहरु (जबरजस्तीकरणी, मानव बेचबिखन, बहुविवाह, बोक्सीको			

तहसम्म विस्तार गर्ने	आरोप, घरेलु हिंसा, जातीय छुवाछुत आदि) को अभिलेख विश्लेषणका लागि format तयार गरि क्षेत्रीय तहसम्म विस्तार गरि सोहि अनुसार विश्लेषण गर्ने गरिएको ।			
➢ अभिलेख तयार एवं विश्लेषण गर्दै इण्टेलिजेन्स प्रतिवेदन तयार गर्ने (रा.अ.वि.)	➢ लैंगिक हिंसा अन्त्य तथा लैंगिक सशक्तिकरण सम्बन्धित OlG6lnh]G; रिपोर्ट संकलन, निर्देशित निकायमा सप्रेषण, अभिलेखीकरण, आवश्यकता अनुसार समन्वय समेतका कार्य विभाग र मातहतका कार्यालयबाट सम्पादन हुँदै आइरहेको छ ।			
➢ जनचेतना अभिवृद्धिको लागि मुना टेलिफिल्म सबैतिर प्रदर्शनको लागि पठाउने । लैङ्गिक हिंसा विरूद्घ सचेना फैलाउन वृत्तचित्र बनाई प्रदर्शन गर्ने ।	➢ श्रव्यदृश्य शाखा सशस्त्र प्रहरी बल प्रधान कार्यालयबाट लैङ्गिक हिंसा विरुद्ध वृत्तचित्र तयार गरी प्रदर्शन गरिएको । ➢ नेपाल प्रहरी द्वारा भूकम्प पश्चात मानव बेचबिखन तथा ओसारप्रसार नियन्त्रणका लागि भूकम्प प्रभावित १४ वटा जिल्लाहरु मध्ये ४ जिल्ला (काभ्रे, ललितपुर, मकवानपुर र धादिंग) का ८ वटा स्थानहरुमा मानव बेचबिखन विरुद्द			

	जनचेतना मुलक संस्कृतिक कार्यक्रम संचालन गरिएको ।			
कार्यस्थलमा हुने लैङ्गिक हिंसा नियन्त्रण: ➢ महिला प्रहरी/कर्मचारीहरूप्रति कार्यस्थलमा हुने लैङ्गिक हिंसा नियन्त्रणसम्बन्धी सुदूरपश्चिम क्षेत्रको अध्ययन गर्ने र आएका निष्कर्ष, सुझावहरूलाई कार्यान्वयन गर्न पहल गर्ने ।	➢ नेपाल प्रहरीको लैंगिक नीति, २०६९ कार्यान्वयन भईरहेको । ➢ सशस्त्र प्रहरी बलको महिला कर्मचारीहरूप्रति हुन सक्ने सम्भावित लैंगिक हिंसाको रोकथामका लागि सचेतनामुलक तालिम संचालन गरिएको ।	➢ महिला प्रहरी कर्मचारीहरु प्रति कार्यस्थलमा हुने लैंगिक हिंसा नियन्त्रण सम्बन्धि सुदुर पश्चिम क्षेत्रको अध्ययनको लागि पहल भईरहेको ।		
➢ सशस्त्र प्रहरी बलको महिला कर्मचारीहरूप्रति हुन सक्ने सम्भावित लैङ्गिक हिंसाको अध्ययन गरी रोकथामका उपायहरू अवलम्बन गर्ने ।	➢ सशस्त्र प्रहरी बलको महिला कर्मचारीहरु प्रति हुन सक्ने सम्भावित लैङ्गिक हिंसाको रोकथामका लागि महिला तथा पुरुष सहभागी हुने गरी लैङ्गिक हिंसाका प्रकार कारण र परिणामका बारेमा सामूहिक रुपमा सचेतनामूलक तालिम संचालन गरिएको । ➢ कार्यस्थलमा लैङ्गिक हिंसाजन्य घटनामा संलग्न तथा मतियार			

	स.प्र कर्मचारीलाई घटनाको प्रकृती हेरी लैङ्गिक हिंसामा शून्य सहनशिलताको नीति कार्यान्वयन गरिएकोमा आ.व.072/073 मा कुल 75 गुनासोहरु परेकोमा 73 गुनासोहरु सम्बोधन गरिएको तथा 2 गुनासोहरु कारवाही प्रकृयामा रहेको । ➢ यस आ.व. 072/073मा लैङ्गिक हिंसामा संलग्न 4 स.प्र.क.हरुलाई निलम्बन 6 स.प्र.क.हरु नो.ह. 7 स.प्र.क.हरु अन्य विभागीय कारवाहीमा परेका तथा ६ गुनासोहरु कानूनी प्रक्रियाको लागि अदालत जान सुझाव दिईएको ।			
सबै जिल्ला श्रोत समूहहरूलाई सक्रिय रूपले परिचालन गर्ने । विभिन्न जिल्लाहरूमा अनुगमन निरीक्षण कार्यक्रम सञ्चालन गर्ने । कार्यक्रम अनुगमन तथा मूल्याङ्कन गर्न कार्यदलको निर्माण गर्ने । मातहतका महिला तथा बालबालिका सेवा केन्द्रहरूको स्थलगत रूपमा अध्ययन, निरीक्षण तथा अनुगमन गर्ने र रिपोर्ट	➢ लैंगिक हिंसा नियन्त्रण तथा रोकथाम गर्ने उद्देश्यले लैंगिक हिंसा नियन्त्रण संजाल गठन तथा संचालन कार्यविधि, २०७२ स्वीकृत गरि महिला तथा बालबालिकाहरुको हक हितका लागि कार्य गर्ने सरकारी निकाय, सक्रिय गैर सरकारी संघ संस्थाहरु, निगरानी समूह, बर एसोसियसन, युवा तथा बाल क्लब र नेपाल प्रहरी समेत			

तयार गर्ने । ध्ययन गरी रोकथामका उपायहरू अवलम्बन गर्ने ।	रहने गरि २० जिल्ला स्तरीय र ४३ गा.वि.स.स्तरीय लैंगिक हिंसा नियन्त्रण संजाल समिति गठन गरिएको । ➢ मातहत महिला तथा बालबालिका सेवा केन्द्रहरुको काम कारवाहीको रेखदेख, नियन्त्रण तथा निरीक्षणका लागि प्रहरी प्रधान कार्यालय, महिला तथा बालबालिका सेवा निर्देशनालयबाट धनुषा, महोत्तरी, सप्तरी, सिरहा, बारा, रौतहट, सिन्धुली, दोलखा, बाँके, सुर्खेत, रोल्पा, प्युठान, बझांग र अछाम जिल्लाहरुको स्थलगत अनुगमन गरि आवश्यक निर्देशन दिइएको ।			
शिक्षा मन्त्रालय				
कार्ययोजनामा उल्लेखित क्रियाकलाप मध्य सम्पादित कार्यहरु /क्रियाकलापहरु	**प्राप्त नतिजा**	**सम्पादन गर्न बाँकी कार्य**	**बाँकी कार्य गर्न लाग्ने समय**	**कार्यान्वयनमा देखिएका प्रमुख समस्या**
१. ७५ वटै जिल्लामा लैङ्गिक समविकास तथा बालिका शिक्षा सञ्जाल समूह गठन गर्ने ।	लैङ्गिक हिंसासम्बन्धी विषयहरु सम्बोधनका लागि केन्द्र तथा जिल्लास्तरीय बालिका शिक्षा तथा	सबै तहका पाठ्यक्रम पाठ्पुस्तक र		शौचालय सरसफाईको उचित व्यवस्थापन गर्न

२. लैङ्गिक हिंसाका दृष्टिले अति प्रभावित जिल्ला÷क्षेत्र पहिचान गर्न उपलब्ध तथ्याङ्कको समीक्षा, जोखिममा परेका महिला तथा बालबालिकाहरूको पहिचान गर्ने ३.लैङ्गिक हिंसा, हानिकारक परम्परागत अभ्यासहरू आदिका विरुद्ध चेतनमूलक अभियान विकास गरी कार्यान्वयन गर्ने । ४. विद्यालय तथा शिक्षक तालिम पाठ्यक्रममा लैङ्गिक समानता तथा लैङ्गिक हिंसासम्बन्धी मुद्दाहरूको पुनरावलोकन, परिमार्जन र प्रवाह गर्ने । ५.लैङ्गिक समानता र महिला तथा छात्रा विरुद्ध हुने हिंसाप्रति शून्य सहनशीलता, हस्तक्षेपसहित पुरुष तथा छात्राहरूलाई साझेदार र परिवर्तनको सेवाहकका रूपमा सक्रीय रूपमा संलग्न गराउने	लैङ्गिक समविकास सञ्जालको गठन भई क्रियाशील रहेको । -प्रत्येक जि.शि.का.मा बालिका शिक्षा तथा लैङ्गिक समविकास सञ्जाल गठन भई सञ्जालले लैङ्गिक विषयमा छलफल, निर्णय र कार्यान्वयन गर्ने गरेको लैङ्गिक सम्पर्क बिन्दुहरुको क्षमता विकासका लागि विभिन्न प्रकारका कार्यक्रम सञ्चालन गर्ने गरिएको जसमा लैङ्गिक हिंसासम्बन्धी विषयहरु समावेश गर्ने गरिएको । शिक्षा मन्त्रालयको मन्त्रीस्तरीय निर्णय अनुसार व्यिालयस्तरमा हुने हिंसा तथा यौन हिंसाविरुद्धको राष्ट्रव्यापी अभियान सञ्चालन कार्यविधि, २०७१ स्वीकृत भएको र विद्यालयस्तरमा हुने हिंसा तथा यौन दुर्व्यवहारहरुलाई न्यूनिकरण गर्दै अन्त्य गर्ने उद्देश्यका साथ विभिन्न कार्यवm्रम गरिएको र यो निरन्तर रहने ।	पाठ्य सामग्रहिरुमा थप परिमार्जन गर्न बाकी		नसकेको ।

६.महिला तथा बालिकामाथि हुने हिंसाविरुद्ध अभियान सञ्चालन गर्ने । लैङ्गिक हिंसा, हानिकारक परम्परागत अभ्यासहरु आदिका विरुद्ध चेतनामूलक अभियान विकास गरी कार्यान्वयन गर्ने । ७. पीडकका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । ८.विद्यालयका शिक्षक र विद्यार्थीहरू, स्थानीय समुदाय र निजी क्षेत्रको संलग्नतामा लैङ्गिक हिंसाविरुद्ध चेतनामूलक कार्यक्रम आयोजना गर्ने ९. विद्यार्थी (विशेष गरी छात्राहरू) माथि हुने दुर्व्यवहार रोक्न प्रभावकारी गुनासो व्यवस्थापन संयन्त्र स्थापना गर्ने ।	लैङ्गिक हिंसासम्बन्धी विषयहरु समेत समावेश गरी लैङ्गिक समविकास शिक्षा नामक पत्रिका वार्षिक रुपमा प्रकाशन गर्ने गरिएको । सबै माध्यमिक तथा निम्न माध्यमिक विद्यालयमा लैङ्गिक सम्पर्क बिन्दु र गुनासो पेटिका राख्ने व्यवस्था गर्नका लागि विद्यालयमा कार्यरत शिक्षकलाई (सम्भव भएसम्म महिला शिक्षक) लाई लैङ्गिक सम्पर्क बिन्दु तोक्ने र विद्यार्थीका उजुरी, गुनासो सुनुवाइका लागि गुनासो पेटिकाको व्यवस्था मिलाई सो को कारवाही गर्ने व्यवस्था समेतका लागि पत्राचार गरिएको । १२ जिल्लाहरूमा ६००० जना द्वन्द प्रभावित महिला तथा बालिकाहरूको पहिचान गरि महिला सशक्तीकरण तथा जीविकोपार्जन			

१०. समुदायसँग लागत सहभागिता गरी छात्र तथा छात्राको लागि छुट्टाछुट्टै शौचालय निर्माण गर्ने कार्यलाई प्राथमिकता दिने ।	सम्बन्धी नि.मा.वि.खुला शिक्षाको पाठ्यव्रmम पुनरावलोकन तथा स्वाध्ययन सामग्री विकास र वितरण १ युनेस्को काठमाण्डौंको वितिय सहयोगमा डडेल्धुरा जिल्लामा दिवा खाजा कार्यक्रम सञ्चालन भएका प्राथमिक विद्यालयका महिला प्रधानाध्यापक तथा महिला शिक्षिका४० जनालाई महिला सशक्तिकरण सम्वन्धी दुई दिने कार्यशाला गोष्ठी सञ्चालन गरिएको । विधार्थीको गुनासो व्यवस्थापन संयन्त्र विकास । एसएलसी प्रश्नपत्र निर्माण मोडरेसन लगायत उत्तरपुस्तिका परीक्षण सम्परीक्षणमा महिला शिक्षकलाई प्राथमिकतामा राखिएको। एसएलसी परीक्षामा प्रत्येक केन्द्रमा महिला निरीक्षकको ब्यबस्था भएको साथै छात्राहरुको शारिरीक खानतलासी महिला प्रहरी			

	वा महिला निरीक्षकबाट मात्र भएको । अपाङगता छात्रवृक्रि सम्बन्धी लघुनाटक यौनजन्य सामाजिक अपराध न्यूनिकरणका लागि विचार पुर्‍याउ सम्बन्धी नाटक शीर्षक सुमार्ग , “सामाजिक कुप्रथाहरु,” तिज विशेष नाटक “खुशी” “लैगिङ्ग समविकास” नाटक, “छलफल अविभावक शिक्षा” सम्बन्धि, “अभिभावकको भूमिका” नाटक, अभिभावक सचेतना मूलक नाटक, “नागरिक चेतना राष्ट्रिय सरोकार”,“मानव अधिकार”, क्षे.शि.नि मध्यमाञ्चलको अपाङ्गता छात्रवृत्तिको सम्बन्धी जानकारी, “बालमैत्री वातावरणको लागि अभिभावकको भूमिका”, “सुमार्ग” नाटक, विद्यार्थीको सिकाई उपलब्धि वृद्घिका अभिभावकले निवार्ह गर्नुपर्ने भूमिका, “अभिभावक सचेतना” छलफल, “किशोरावस्थाको प्रेम” नाटक, “			

	सामाजिक कुप्रथा", "दाइजो विनाको बिहे" नाटक सञ्चालन देशभरका चेपाङ्ग जाति, हलिया, कमैया, लोपोन्मूख, मध्य पश्चिम तथा सुदूर पश्चिम पहाडी १० जिल्लाका दलित छात्र छात्रा, दाङ्ग, कैलाली जिल्लाका दलित तथा विपन्न मुसलमान छात्राहररुलाई लक्षित गरी ८०० जनाको डिप्लोमा तहको प्राविधिक शिक्षामा छात्रवृत्ती कार्यक्रम संचालन । लामो तथा छोटो अवधीको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा लैङिगक समानता सम्वन्धि कक्षा संचालन । छात्र तथा छत्राको लागि छुट्टा छुट्टै शौचालयको अनिवार्य व्यवस्था । एसएलसी परीक्षा केन्द्रमा छुट्टै शौचालयको व्यवस्था गरिएको ।			

शान्ति तथा पुनर्निमार्ण मन्त्रालय				
कार्ययोजना अन्र्तगत सम्पादित कार्यहरु	**प्राप्त नतिजा**	**सम्पादन गर्न बाँकि कार्यहरु**	**बाँकी कार्य गर्न लाग्ने समय**	**कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु**
➢ संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषदको प्रस्ताव नं. १३२५ र १८२० कार्यान्वयन राष्ट्रिय कार्ययोजना सँग सम्बन्धित केही विद्यमान नीति तथा कानूनहरुको पुनरावलोकन गर्ने कार्य । ➢ लोक सेवा आयोग ऐन र नियमावलीको अध्ययन गरी लैंगिक दृष्टिकोण समावेश गर्नेगरी सिफारिस गरिएको ।	➢ महिलाको सहभागिता प्रर्वद्धन गर्नका लागि विद्यमान नीति तथा कानूनहरू आवश्यकता अनुसार निर्माण तथा परिमार्जन गर्न पहिचान गरिएको । महिला सहभागिता सुनिश्चित गर्ने गरी संरचना र प्रक्रियाको पहिचान एवं परिमार्जनका लागि सुझाव प्रदान । ➢ लोक सेवा आयोगको पाठयक्रममा समावेश गरिएको ।	➢ महिला सहभागिता सुनिश्चित गर्न नयाँ कानुन निर्माण एवं परिमार्जन गर्ने कार्य । ➢ गोपनियता सम्बन्धि कानूनको निर्माण ➢ द्वन्द्व प्रभावित महिला बालिकाको सहभागितामा उनीहरुको अवस्था पहिचान गरी आवश्यकता अनुसारका राहत तथा पुनःप्राप्ति कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्ने । ➢ १८२० संग सम्बन्धित कार्ययोजनामा	करिब ३ वर्ष करिब ३ वर्ष	• राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा पर्याप्त स्रोत र साधनहरुको कमि रहेको । • कार्यान्वयनका जिम्मेवार निकायहरु सरकारी निकाय, स्थानीय शान्ति समितिका कतिपय सदस्यहरुलाई यस विषयको जानकारीमा कमिरहेको । • राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन स्थानीय तहमा

		उल्लेखित कार्यहरु गर्न ।		अझ कमजोर देखिएको ।
➢ स्थानीय शान्ति समितिको गठन र समितिमा महिलाहरूको सहभागिता	➢ सबै स्थानीय शान्ति समितिहरुमा महिलाहरूको कम्तिमा ३३ प्रतिशत अनिवार्य सहभागीताको ब्यवस्थाले महिला सहभागिता वृद्धि भएको महिलाका विषयहरुको संबोधन भएको ।			• कार्यान्वयन गर्ने निकायहरु वीच समन्वयको अभाव । • द्वन्द्व प्रभावित महिला बालिकाको बअअगचबतभ मबतब को कमी ।
विभिन्न संचार माध्यमबाट महिला सहभागिता अभिवृद्धिका लागि कार्यक्रमहरू संचालन गरिएको ।	सचेतना अभिवृद्धि । सुचनाहरुको प्रचारप्रसार			➢ द्वन्द्व प्रभावितहरुको पहिचान गर्न कठीन । ➢ द्वन्द्व प्रभावित महिला बालिकाको माग र आवश्यकता बमोजिमका कार्यक्रम संचालन हुन नसकेको । ➢ महिलाको सहभागितालाई अर्थपूर्ण बनाउन
लैङ्गिक तथा यौनजन्य हिंसामा आधारित घटनालाई प्रभावकारी रुपमा संवोधन गर्नका लागि सुदृढ तथा सुधारिएको न्यायिक तथा सुरक्षा प्रणाली लागु गर्ने ।	यौनजन्य हिंसा तथा लैगिंकतामा आधारित हिंसाका घटनाहरुलाई तत्कालै सम्बोधन गर्न मोवाईल भ्यानको व्यवस्था, हटलाईन सेवा, कानूनी परामर्शका लागि छुट्टै डेस्कको व्यवस्था ।			
लैङ्गिक तथा यौनजन्य हिंसामा आधारित घटनाका पीडितलाई प्रभावकारी र तत्काल सेवा प्रदान गर्न न्यायिक तथा सुरक्षा क्षेत्रका पदाधिकारीहरुको क्षमता अभिबृद्धि	नेपाल प्रहरी लगायत विभिन्न निकायहरुबाट तालिम प्रदान गरी क्षमता अभिवृ्द्धि भएको ।			

सम्बन्धी कार्यक्रम				नसकिएको ।
द्वन्द्वकालमा भएका यौनजन्य हिंसामा संलग्न दोषीलाई दण्ड दिलाउन भएका नयाकानूनी व्यवस्था	नेपाल सरकारबाट वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन २०७१ व्यवस्थापिका संसदबाट पारित भई कार्यान्वयनमा रहेको ।			➢ सरकारी गैर सरकारी निकायको कार्यक्रममा दोहोरोपना । ➢ गैरसरकारी क्षेत्रवाट भएका कार्यक्रमलाई अभिलेखीकरण गर्न कठिनाई । ➢ संचालन भएका कार्यक्रमको दिगोपनाको अभाव । ➢ संक्रमणकालीन न्यायसँग जोडिएका विषयहरुको सम्बोधन तत्काल हुन कठिनाई । ➢ कार्ययोजनाका विषयहरु राज्यका नियमित नीति तथा कार्यक्रममा समावेस हुन

				नसकेक
जवर्जस्ती करणीका घटनामा उजुरी गर्ने हद म्यादको कानूनी व्यवस्थामा सुधार	लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२ बाट संसोधन भएको ।			
लैङ्गिक तथा यौनजन्य हिंसाबाट पीडित र जोखिममा परेका महिला तथा वालबालिकाहरुको लागि अस्थायी आवास गृह स्थापना ।	विभिन्न ८ वटा जिल्लाहरुमा पूर्नस्थापना केन्द्रहरु स्थापना गरी स्वास्थ्य सेवा, कानूनी सेवा, मनोसामाजिक परामर्श, सचेतना तथा परिवारमा पूर्नमिलन सेवाहरु प्रदान गर्दै आइरहेको । घरेलु हिंसाबाट पिडित महिलाहरुको लागि १५ वटा सुरक्षित घरहरु स्थापित गरिएको ।			
शन्ति स्थापना मिसनमा जानेहरुलाई १३२५ र १८२० का सम्बन्धमा प्रशिक्षण ।	सुरक्षा निकायहरुबाट यस सम्बन्धमा प्रशिक्षण दिने गरिएको ।			
प्रस्ताव न. १३२५ र १८२० तथा यसको कार्यान्वयन सम्बन्धी राष्ट्रिय कार्ययोजनाको अनुवाद भएको	नेवारी, थारु, मैथली, तामाङ, भोजपुरी र मगर भाषामा अनुवाद गरि प्रसारित गरिएको ।			

पाठ्यक्रममा महिला तथा वालिका शान्ति र सुरक्षाका विषय समावेश ।	विद्यालय स्तर तथा अनौपचारीक पाठ्यक्रमहरुमा महिला तथा बालिकाको अधिकार, शान्ति र सुरक्षा सम्बन्धि सचेतनाका विषयहरु समेटिएका			
द्वन्द्वपीडित लाई राहत वितरण गरिएको ।	नेपाल सरकारद्धारा स्वीकृत राहत वितरण नीति निर्देशिकामा उल्लेख भएअनुशार राहत वितरण भइरहेको ।			
द्धन्द्ध पभावित बालबालिकालाई छात्रवृत्ति पदान गरिएको ।	शिक्षा मंत्रालय मार्फत कार्यान्वयन भइरहेको ।			
द्वन्द्व प्रभावित महिला तथा बालिकाहरूको रुचि, क्षमता र वजारको सम्भाव्यतालाई समेत ध्यान दिई विशेष सीपमूलक तालीम तथा आय आर्जनका कार्यक्रमहरु संचालिन ।	विभिन्न ल्न्इ क्ष्ल्न्इ को सहयोगमा कार्यक्रम संचालन भएको ।			
अनुगमन तथा मुल्यांकन प्रतिवेदन सार्वजनिक	पहिलो वर्ष र मध्यावधि अनुगमन प्रतिवेदन निकालिएको ।	कार्ययोजना कार्यान्वयनको ५ वर्षको मुल्यांकन गर्ने तयारी ।		
विभिन्न निकायहरुबाट महिला तथा बालिकाका विषयहरु सम्वन्धमा भएका सम्बोधनहरु	➢ राज्यका विभिन्न निकायका महत्वपूर्ण पदहरुमा महिलाको उपस्थिति । ➢ महिला हिंसा न्युनिकरण,			

	मानव अधिकार, लैगिक मुलप्रवाहिकरण, शुन्य सहिष्णुता सम्बन्धी नीतिहरु लागू भएको ➢ शन्तिकोष अन्तर्गत महिला तथा बालिकाहरुको क्षमता अभिबृद्धि कार्यक्रम संचालन। ➢ लैंगिक समानताको सुदृढिकरणका लागि टेली चलचित्र वनाई प्रशारण । ➢ वोक्सीको आरोपमा दिइने यातनामा कानून निर्माण गर्न सिफारिस ➢ महिला कर्मचारीको हितलाई ध्यान दिई शिशु स्याहार केन्द्रहरुको स्थापना । ➢ लैङ्गिक हिंसा सम्वन्धी नेपाल प्रहरीको नीति तय गरिएको । ➢ नेपाल प्रहरी मार्फत केन्द्र देखि स्थानीय स्तरसम्म २४० स्थानमा महिला तथा बालबालिका सेवा केन्द्र स्थापना भईसकेको । ➢ नेपाल प्रहरी मार्फत ५			

	जिल्लामा महिला तथा बालबालिका सेवा केन्द्र भवन स्थापना र थप १५ जिल्लामा एशियाली विकास वैकंको सहयोगमा महिला तथा बालबालिका सेवा केन्द्र भवन निर्माणका लागि सम्झौता । ➢ २५ वटा जिल्लाका प्रहरी इकाईहरुमा महिला शौचालय निर्माण । ➢ हिंसा पिडित महिलालाई उजुरी गर्ने वातावरण तथा सुरक्षा प्रदान गर्ने पिडित सहयोग निर्देशिका तयार भई प्रशिक्षण दिईरहेको । ➢ नख्खु जेलमा महिला बन्दी गृहको निर्माण कार्य भईरहेको । ➢ नेपाल प्रहरी महिला तथा बालबालिका सेलका लागि २ वटा मोवाइल भ्यानको व्यवस्था गरिएको र २४ सै घण्टा टोल फ्रि हटलाईनको व्यवस्था गरिएको ।			

उद्योग मन्त्रालय

कार्ययोजनामा उल्लेखित क्रियाकलाप मध्य सम्पादित कार्यहरु /क्रियाकलापहरु	प्राप्त नतिजा	सम्पादन गर्न बाँकी कार्य	बाँकी कार्य गर्न लाग्ने समय	कार्यान्वयनमा देखिएका प्रमुख समस्या
१.१ औद्योगिक प्रतिष्ठानका कार्यस्थलमा हुने लैङ्गिक हिंसाविरुद्धको आचारसंहिता २०६७ कार्यान्वयन गर्ने १.१.१ औद्योगिक प्रतिष्ठानका कार्यस्थलमा हुने लैङ्गिक हिंसाविरुद्धको आचारसंहिता २०६७ का बारेमा प्रतिष्ठानहरूलाई जानकारी गराउने १.१.२ आचारसंहिताको पालना भए नभएको अनुगमन गर्न प्रतिष्ठान दर्ता गर्ने निकाय र सोको तालुक निकायले अनुगमन सूचकको विकास गर्ने । १.१.३ आचारसंहिता पूर्ण रूपमा पालना गर्ने गराउने कार्यमा उत्कृष्ट ठहरिएका प्रतिष्ठानलाई अनुगमन सूचकको आधारमा अनुगमन गर्ने निकायले पुरस्कृत गर्ने ।	आचारसंहिता कार्यन्वयन भएका औद्योगिक प्रतिष्ठानका कामदार तथा व्यवस्थापकहरुको संख्या ।	➢ कतिपय औद्योगिक प्रतिष्ठान÷औद्योगिक क्षेत्रमा आचार संहिताको कार्यान्वयन गर्न बाँकी । ➢ आचारसंहिता पूर्ण रूपमा पालना गर्ने गराउने कार्यमा उत्कृष्ट ठहरिएका प्रतिष्ठानलाई अनुगमन सूचकको	➢ निरन्तर	➢ अन्य समसामयिक कानूनसँग आचार सहिंतालाई परिमार्जन गर्न नसक्नु जस्तै कार्यस्थलमा हुने यौनजन्य दूव्यवहार (निवारण) ऐन, २०७१ । ➢ औद्योगिक क्षेत्र÷प्रतिष्ठानहरु का व्यवस्थापकहरुले यस कार्यलाई व्यवहारिक रुपमा कार्यन्वयन गर्न नचाहनु, ➢ कार्यरत कामदारहरुले उक्त

		आधारमा अनुगमन गर्ने निकायले पुरस्कृत गर्ने कार्य व्यवहारमा लागु गर्ने कार्य ।		आचारसहिंता सम्बन्धमा चासो देखाउने नगरेका ➢ प्रचार प्रसार गर्नको लागि पर्याप्त बजेटको व्यवस्था गर्न नसकिएको, ➢ आ.ब. ०६९/०७० मा अनुगमन सुचकको विकास भएको तर सो सुचकलाई प्रभावकारी बनाउनको लागि बजेटको व्यवस्था हुन नसकेको । ➢ विकास भएको अनुगमन सुचक अनुसार अनुगमन गर्न बजेट विनियोजन हुन नसकेको ।
१.२ औद्योगिक व्यवसाय ऐनमा लैगिक हिंसा विरुद्धको आचारसंहिता,				औद्योगिक व्यवसाय ऐन, २०४९ संशोधनको

२०६७ का प्रावधानहरुलाई समावेश गर्ने ।				प्रक्रियामा रहेको ।
२. लघु उद्यमीहरूको पहिचान गर्दा लैङ्गिक हिंसाबाट प्रभावित महिलाहरूलाई प्राथमिकता दिने गरी कार्यविधि बनाउने÷परिमार्जन गर्ने ।	संशोधित महिला उद्यमशीलता विकास कोष	१८ जिल्लामा लागु भएको । सबै जिल्लामा कार्यन्वयन गर्न बाँकी		➢ पर्याप्त मात्रामा बजेटको व्यवस्था हुन नसकेको, ➢ लक्षित समूदायहरु आशातित रुपमा लाभाम्वित हुन नसकेको,
लैङ्गिक हिंसाबाट प्रभावित महिला लघु उद्यमीहरूलाई वार्षिक कार्यक्रम मार्फत क्षमता अभिवृद्धि गर्ने ।	तयार भएका ७९ प्रतिशत लघु उद्यमी मध्ये लैङ्कि हिंसाबाट प्रभावित समेतको क्षमता अभिवृद्धि भएको ।	हिंसाबाट प्रभावित महिलाको खण्डिकृत तथ्याङ संकलनको कार्य बाँकी		➢ लैगिंक हिंसा सम्बन्धी कार्य गर्ने निकायहरु बीच समन्वय हुन नसक्दा कार्यमा दोहोरोपना हुने गरेको, ➢ लैगिंक हिंसाबाट प्रभावित खासगरी महिलाहरुलाई पर्याप्त सचेतनाको कार्य गर्न नसकिएको ,
शान्ति कोष मार्फत उद्योग विभाग तथा घरेलु तथा साना उद्योग विकास समिति मार्फत सञ्चालन हुने	➢ लैगिंक हिसंबाट प्रभावित महिलाहरुले पाएका । ➢ मेशीन औजारमा ८० प्रतिशत			चालु आ.व. देखि यो कार्यक्रम संचालनमा नरहेको ।

कार्यक्रममा लैङ्गिक हिंसाबाट प्रभावित महिलाहरूलाई विशेष प्राथमिकता दिने ।	छुट भइ उद्यमप्रति आर्कर्षित ।			
३. केन्द्रीयस्तरमा अनुगमन तथा मूल्याङ्कन समिति गठन गर्ने ।			,	➢ केन्द्रीय स्तरमा अनुगमन तथा मूल्याङन समिति गठन हुन नसक्नु ➢ अनुगमन तथा मूल्याङ्कन समिति गठन नभएको
मन्त्रालयस्तरमा प्रगति मूल्याङ्कन प्रतिवेदन तयार गर्ने		मन्त्रालयस्तरमा प्रगति मूल्याङ्कन प्रतिवेदन तयार गर्ने कार्य बाँकी		प्रगति मूल्याङन गर्न छुट्टै बजेटको व्यवस्था हुन नसक्नु,
लैङ्गिक र समावेशीकरण संवेदनशील प्रक्रिया र ढाँचाको प्रयोग गरी अनुगमन गर्ने	मेडपा निर्देशिकामा लैगिंक र समावेशीकरण संवेदनशील प्रक्रियाको कार्य २०६९ संचालन भै अनुगमन समेत भएको ।	सबै लक्षित वर्ग र समुदायको लक्ष्य हासिल गर्ने कार्य,	निरन्तर	दलित र मधेशी समुदायको तोकिए बमोजिमको लक्ष्य हासिल हुन नसकेको,
औद्योगिक प्रतिष्ठानहरूमा लैङ्गिक परीक्षण गर्ने (नमूना छनौट गरी)	➢ प्रश्नावली तयार गरी नमूना छनोट गरी लैगिंक परीक्षण गर्ने गरिएको । ➢ त्इच् तयार गरी लैंगिंक परीक्षण गर्न परामर्शदाता छनोट गरिएको । ➢ हाल सम्म ४ वटा प्रतिवेदन	सबै औद्योगिक क्षेत्र र प्रतिष्ठानमा संचालन गर्न बाँकी ।	प्रत्येक वर्ष	लैगिंक परीक्षण कार्यका लागि पर्याप्त बजेट नहुँदा उपत्यकामा रहेका औद्योगिक क्षेत्रमा मात्रै सीमित रहेको,

	तयार भएको ।			
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय				
कार्ययोजनामा उल्लेखित क्रियाकलाप मध्य सम्पादित कार्यहरु /क्रियाकलापहरु	**प्राप्त नतिजा**	**सम्पादन गर्न बाँकी कार्य**	**बाँकी कार्य गर्न लाग्ने समय**	**कार्यान्वयनमा देखिएका प्रमुख समस्या**
१) जिल्ला विकास समितिमा लैङ्गिक हिंसाविरुद्धको उजुरी लिने डेस्क स्थापना गर्ने ।	६० वटा जिल्ला विकास समितिमा लैङ्गिक हिंसाविरुद्धको उजुरी लिने डेस्क स्थापना भएको ।	१५ वटा जिल्ला विकास समितिमा लैङ्गिक हिंसाविरुद्धको उजुरी लिने डेस्क स्थापना गर्न बाँकी	एक वर्ष	
२) डेस्कको लागि TOR तयार गर्ने ।	डेस्कको लागि TOR तयार नभएको	डेस्कको TOR तयार गरी कार्य गर्न बाँकी रहेको	एक वर्ष	
३) जिल्ला विकास समितिको सामाजिक विकास एकाईका कर्मचारीको क्षमता विकास (लैङ्गिक नीति, मानवअधिकार, महिला अधिकार, बाल अधिकार, *CEDAW, CRC*, लैङ्गिक हिंसाका प्रकार र यसको उन्मूलनको उपाय आदि क्षेत्रमा) गर्ने ।	दुई वर्ष अगाडि कार्यक्रम सम्पन्न भएको			
४) स्थानीयस्तरका संरचनाहरूको प्रभावकारिता अभिवृद्धि गर्न तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।	निरन्तर दिदै आएको	निरन्तर दिदै आएको		
५) लैङ्गिक हिंसालाई सम्बोधन गर्न		स्थापना गर्न बाँकी	२ वर्ष	

प्रत्येक नगरपालिका र गाउ‘ विकास समितिमा पारालिगल कमिटीको स्थापना र परिचालन गर्ने ।				
६) जि.वि.स.को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिलाई लैङ्गिक हिंसाविरुद्धका विषयहरूमा अभिमुखीकरण गर्ने ।	दुई वर्ष अगाडि कार्यक्रम सम्पन्न भएको			
७) स्थानीय निकायमा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशीकरण बजेट तर्जुमा एवं परीक्षण गर्ने र स्थानीय निकायको सम्पूर्ण कार्यक्रममा लैङ्गिक मूलप्रवाहीकरण गर्ने ।	यस चालु आ.व. २०७२/०७३ मा मन्त्रालयबाट ७२ जिल्ला विकास समिति र १६५ नगरपालिकाहरुको स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण निर्देशिका बमोजिम सम्बन्धित स्थानीय निकायहरुले संस्थागत एवं कार्यक्रमको लैङ्गिक लेखाजोखा गरी लैङ्गिक सशक्तिकरण एवं मूलप्रवाहीकरणमा गने कार्य सम्पन्न भएको ।			
८) लैङ्गिक हिंसा प्रभावितहरूका लागि व्यावसायिक सीप, उद्यम विकास र व्यवस्थापनसम्बन्धी क्षमता विकास तालिम प्रदान गर्ने र यी समुदायहरूको सामाजिक, आर्थिकस्तर सुधार्न विभिन्न	ललितपुर उप महानगरपालिकामा १८० महिला समूह आवद्ध भएका छन । स्थानीय निकायले महिलाहरुको सामाजिक क्षमता विकास, आर्थिक विकास, सीप विकास र फोहरमैला न्यूनिकरण			

निकायहरूसँग समन्वयात्मक भूमिका खेल्ने ।	सम्वन्धी जनचेतनामूलक तथा महिला शसक्तिकरण कार्यक्रम जस्तै बचत तथा ऋण तालिम, उद्घघोषक तालिम, पश्तावना तथा प्रतिवेदन तालिम, जीवन उपयोगी सीप तालिम, साधारण सिलाई, साधारण केशश्रृगार तालिम, एडभान्स सिलाई, एडभान्स केशश्रृगार तालिम, कुक तालिम, कम्प्यूटर तालिम, बेकरी तालिम, साक्षरता तथा साक्षरोत्तर कक्षा कार्यक्रम संचालन भएको छ ।			
९) जि.वि.स.को सहभागितात्मक योजना तर्जुमा प्रक्रिया मार्फत जिल्ला विकास योजना तयार गर्दा GECI सम्बन्धी क्रियाकलाप समावेश गर्ने ।	लैंङ्गिक समावेशीकरणको लक्ष्यलाई स्थानीय निकायको संरचना र योजनामा स्थान प्राप्त भएको स्थानीय निकायको योजना प्रक्रियामा लैससास मूल प्रवाहीकरण सम्बन्धमा जानकारी भएको र योजना तर्जुमा प्रक्रियामा लैससास मूलप्रवाहीकरण गर्ने कार्य हुदै आएको ।			
१०) सवै जि.वि.स., नगरपालिका, गा.वि.स., गैसस, नागरिक समाज, पारालिगल कमिटीका सदस्यहरू,	सहभागिहरुलाई कुनै पनि कार्यक्रम तथा योजनाहरु संचालन गर्दा लैगिक पक्षलाई कति ध्यान दिन			

राजनैतिक दलका प्रतिनिधिहरू र महिला अधिकारकर्मीहरूलाई लैङ्गिक हिंसा, महिला अधिकार आदि विषयहरूमा अभिमुखीकरण गर्ने ।	सकियो र वजेट विनियोजन पश्चात कार्यक्रम सम्पन्न हुंदा वजेट कतिको लैंगिकमुखि हुन गयो वा गएन भन्ने मापनका सिद्धान्त र विधीहरुको वारेमा जानकारी हुनु यस तालिमको प्रमुख सिकाई रहन गयो । अहिलेसम्म स्थानीय निकायबाट के कस्ता कार्यक्रम र कति बजेट उल्लेखित कार्यक्रममा खर्च गरेका रहेछौं पुनरावलकोन गर्न प्रेरित गरेको छ ।			
११) स्थानीय निकाय, राजनैतिक दलका प्रतिनिधि, स्थानीयस्तरका समूहका प्रतिनिधिहरू, पारालिगल कमिटीका सदस्यहरूलाई लैङ्गिक हिंसा, हानिकारक परम्परागत अभ्यासहरू, मानवअधिकार, लैङ्गिक समानता, सामाजिक समावेशीकरण, महिला सशक्तीकरण र लैङ्गिक हिंसाबाट व्यक्ति, परिवार, समुदाय र राष्ट्रमा पर्ने प्रभाव र यसमा चुकाउनुपर्ने मूल्यका बारेमा उपयुक्त सूचना शिक्षा सामाग्री र व्यवहार परिवर्तन सामाग्री	तालिम कार्यक्रमका सहभागीहरुले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणक मूलप्रवाहीकरण गराउने विधिको बारेमा ज्ञान प्राप्त भएकोछ । लैंगिक मूल प्रवाहीकरणका विषयमा स्पष्ट भएको र लैंगिक बजेट तर्जुमाका विधिहरुबारे जानकारी प्राप्त भएको छ । लैंगिक बजेट परीक्षणको तरिका र यसको महत्वबारे जानकारी भएकोछ । तालिम बाट लैससास बजेट विनियोजन गर्नुपर्ने सम्बन्धमा आ आप्mनो ठाँउबाट			

प्रयोग गरी चेतनामूलक अभियान विकास गरी कार्यान्वयन गर्ने ।	यथासक्य पहल गर्नुपर्ने विषयमा बोध भएको छ ।			
१२) प्रत्येक जिल्लामा महिला अधिकार, लैङ्गिक विभेद, लैङ्गिक हिंसा विषयमा TOT लिएका टिम तयार गर्ने ।	जिल्ला विकास समितिमा लैङ्गिक सशक्तिकरण तथा सामाजिक समावेशीकरणको क्षेत्रमा स्रोत व्यक्ति तयार गर्न क्षेत्रीय स्तरमा प्रशिक्षक प्रशिक्षण तालिम संचालन गरी विभिन्न जिल्लामा स्रोत व्यक्ति तयार गर्ने कार्य भएको छ ।	नगरपालिका तहमा महिला अधिकार, लैङ्गिक विभेद, लैङ्गिक हिंसा विषयमा त्इत् लिएका टिम तयार गर्न बाँकी	२ वर्ष	
१३) जिल्लाका विभिन्न निकायका प्रतिनिधिहरूलाई समेत TOT तालिम दिने ।	ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, कास्की, स्याँङ्जा, पाल्पा, अर्घाखाँची, म्याग्दी, मोरङ्ग, सुर्खेत र डोटी जिल्लाका विभिन्न निकायका प्रतिनिधिहरूलाई समेत TOT तालिम दिने कार्यक्रम सम्पन्न	६२ जिल्लाका प्रतिनिधिहरूलाई त्इत् तालिम दिने कार्यक्रम बाँकी	२ वर्ष	
१४) जिल्लामा स्थापना भएका र हुने GECI सम्बन्धी समिति/समूहहरूलाई लैङ्गिक हिंसाविरुद्धमा क्रियाशील बनाउने र कानूनी र नीतिगत प्रावधानका बारेमा नागरिकहरूलाई जानकारी गराउने ।	कार्यक्रम सम्पन्न भएको र स्थानीय निकायहरुको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६ अनुसारका लैससासका विषयहरुलाई स्थानीय निकायको योजना प्रक्रिया,			

	स्थानीय निकायको संरचना, कार्य प्रक्रिया र क्रियाकलापलाई संस्थागत गर्न सहभागीहरुले प्रतिबद्धता जनाएका छन ।			
(६) IESI Material स्थानीयस्तरसम्म वितरण गरी स्थानीयस्तरमा पछाडि परेका समुदायलाई सरकारी तथा गैरसरकारी कार्यालयको विभिन्न विकाससँग सम्बन्धित कार्यक्रम र तौरतरिकाको बारेमा सुसूचित गराउने र पछाडि परेका समुदायहरूलाई आफ्नो हक, अधिकार र कर्तव्यको बारेमा बोध गराउने ।	लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण एवं लैङ्गिक हिंसा अन्त्य सम्वन्धी जिल्ला स्तरीय प्रशिक्षण स्रोत पुस्तक दस हजार थान प्रकाशन गरी ७५ जिल्लाहरुमा वितरण गरीयो र स्थानीय तहमा यस विषयमा जनचेतना जगाउने कार्यक्रम संचालन हुदै आएको छ ।			
(७) संघीय मामिला तथा स्था.वि.मन्त्रालयका कर्मचारीलाई लैङ्गिक उत्तरदायी बजेट तर्जुमासम्बन्धी विषयमा अभिमुखीकरण गर्ने ।	संघीय मामिला तथा स्था.वि.मन्त्रालयका कर्मचारीलाई लैङ्गिक उत्तरदायी बजेट तर्जुमासम्बन्धी विषयमा तालिम कार्यक्रम सम्पन्न गरी अभिमुखीकरण गर्ने ।			
(८) संघीय मामिला तथा स्था.वि. मन्त्रालयबाट तयार गरिएका विभिन्न निर्देशिका, कार्यविधि, दिग्दर्शनहरूमा GECI का विषयको मूलप्रवाहीकरण गर्ने कार्यलाई निरन्तरता दिने ।	संघीय मामिला तथा स्था.वि. मन्त्रालयबाट तयार गरिएका लैङ्गिक उत्तरदायी बजेट स्थानीयकरण रणनीति तयार गरी स्थानीय तहमा कार्यान्वयनमा			

	रहेको ।			
(९) तालिम प्याकेज अनुसार स्थानीय तहमा तालिम दिने कार्य क्रमशः गर्दै जाने ।	लैङ्गिक सशक्तिकरण तथा सामाजिक समावेशीकरणका एवं लैङ्गिक हिंसा अन्त्य गर्न सबै गाविस र नगरपालिकाहरुमा कार्यरत सामाजिक परिचालकको तालिम प्याकेजमा लैङ्गिक सशक्तिकरण तथा सामाजिक समावेशीकरणका एवं लैङ्गिक हिंसा अन्त्य, बाल विबाह नियन्त्रण सम्वन्धी विषयबस्तुलाई प्राथमिकता दिई यस क्षेत्रमा स्थानीय तहमा जनचेतना जगाउने कार्य हुदै आएको छ । मन्त्रालयले स्थानीय नागरिक विशेषत महिला एवं पछाडि परेको वर्गको विकास गर्न सबै गाविस र नगरपालिकाहरुमा सामाजिक परिचालनको कार्यक्रम संचालन गर्दै आएको छ । जसमा विभिन्न गाविस र नगरपालिकाहरुमा गरी यस आ.व.मा जम्मा ४७७७ नागरीक सचेतना केन्द्रहरु स्थापना भई संचालनमा रहेको छ । यस केन्द्रमा सामाजिक आर्थिक रुपमा			

	विपन्न वर्ग एवं ८० प्रतिशत भन्दा बढि महिलाहरुको सहभागिता रहेको छ । यस केन्दको पदाधिकारीहरुको क्षमता अभिवृद्धि गर्न नियमित रुपमा विभिन्न विषयमा जनचेतना जगाउने कार्य हुदै आएको छ । जनचेतना जगाउने विभिन्न विषयमध्ये लैङ्गिक हिंसा अन्त्य, बाल विवाह नियन्त्रण, नागरिकता , सामाजिक सुरक्षा कार्यक्रम, स्थानीय तहको विभिन्न विकास प्रक्रिया, गरिबीको अन्तर्रनिहित कारण आदि बारेमा जनचेतना जगाउने एवं आर्थिक विकासको लागि आयअर्जन सम्वन्धी तालिम एवं सिप विकास कार्यक्रम हुदै आएको छ ।			
१०) कार्ययोजनाको अनुगमन गर्ने कार्य प्रभावकारी रूपमा गर्ने ।	नियमित हुदै आएको छ ।			
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय				
कार्ययोजनामा उल्लेखित क्रियाकलाप मध्य सम्पादित कार्यहरु /क्रियाकलापहरु	**प्राप्त नतिजा**	**सम्पादन गर्न बाँकी कार्य**	**बाँकी कार्य गर्न लाग्ने समय**	**कार्यान्वयनमा देखिएका प्रमुख समस्या**

नीतिगत तथा कानूनी संरचना निर्माण तथा सुधार कार्यक्रम	• लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ (२०७२ साल असोज १४ गते देखि लागू भएको) विभिन्न ३१ वटा ऐनहरुमा रहेका लैङ्गिक विभेद जन्य र लैङ्गिक हिंसालाई संरक्षण गर्ने प्रकृतिका कानूनी व्यवस्थालाई सुधार गर्नको उक्त ऐनमा मूलत: देहायका विषय समावेश छन ○ घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ लाई संशोधन गरी कतिपय घरेलु हिंसाको कसूरलाई सरकार वादी बनाईएको, घरेलु हिंसाका मुद्दामा नि:शुल्क कानूनी सहायता उपलब्ध गराउने व्यवस्था गरिएको। ○ लैङ्गिक हिंसाका पीडितलाई त्यस्तो हिंसाको आधारमा गरिने भेदभावलाई सामाजिक अपराध मानी सजाय हुने व्यवस्था गरिएको ।	निरन्तर रुपमा नीतिगत तथा कानूनी संरचना निर्माण र सुधार सम्बन्धी कार्यक्रमहरु संचालन भैरहेका।	निरन्तर	नीतिगत तथा कानूनी संरचना निर्माण तथा सुधार कार्यक्रम

	○ केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ मा संशोधन गरी सार्वजनिक स्थानमा महिलालाई हातपात गरी बेइज्जत गर्ने, जिस्काउने, हैरानी गर्ने वा निजसँग यस्तै अन्य किसिमको अस्वभाविक व्यवहार गर्ने कार्यलाई सार्वजनिक अपराध भित्र समेटिएको । ○ कानूनी सहायता सम्बन्धी ऐन, २०५४ मा संशोधन गरी लैङ्गिक हिंसा वा सशस्त्र द्वन्द्वबाट पीडित व्यक्तिलाई समेत असमर्थ व्यक्तिको परिभाषाभित्र राखिएको । ○ मानव बेचबिखन तथा ओसापसार (नियन्त्रण) ऐन, २०६४ मा संशोधन गरी देहायका व्यवस्था गरिएको: - यस ऐन अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दाको न्यायिक कारवाहीमा पारस्परिक कानूनी सहायता आदानप्रदान गर्न नेपाल			

	सरकारले आवश्यक व्यवस्था गर्न सक्ने । - पीडितलाई कसुरदारबाट क्षतिपूर्ति उपलब्ध गराउनको साथै नेपाल सरकारले स्थापना गरेको पुनर्स्थापना कोषबाट समेत पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउने। - नेपाल सरकारका तर्फबाट अदालतमा उपस्थित भएका साक्षीलाई राजपत्र अनंकित प्रथम श्रेणीका सरकारी कर्मचारीले पाए सरहको दैनिक तथा भ्रमण भत्ता सम्बन्धित सरकारी वकील कार्यालयले उपलब्ध गराउनुपर्ने । ○ छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ मा संशोधन गरी कसैको चरित्र हत्या वा अपमान हुने वा लैङ्गिक हिंसा वा विभेदलाई बढावा दिने कार्यलाई अपराध मानिएको। ○ राष्ट्रिय प्रसारण ऐन, २०४९ मा संशोधन गरी कसैको चरित्र			

	हत्या वा अपमान हुने वा लैङ्गिक हिंसा वा विभेदलाई बढावा दिने प्रकृतिका सामग्री प्रसारण गर्न, गराउन निषेध गरिएको। ○ मुलुकी ऐनमा संशोधन गरी देहायका व्यवस्था गरिएको: - अदालती बन्दोबस्तको महलमा लैङ्गिक हिंसालाई परिभाषित गरिएको। - जबर्जस्ती करणीको मुद्दामा मुद्दा दायर गर्ने हदम्याद बढाइएको। - छोरा र छोरीको सम्पत्तिमा समान हक हुने व्यवस्था गरिएको। - महिला पुरुष बीच सम्बन्ध विच्छेदका समान आधार कायम हुने व्यवस्था गरिएको। - जबरजस्ती करणीको कसूरबाट पीडितलाई कसूरदारबाट क्षतिपूर्ति प्राप्त हुन नसक्ने अवस्थामा सरकारले क्षतिपूर्ति उपलब्ध			

	गराउने गरी अदालतले आदेश गर्न सक्ने व्यवस्था गरिएको। • केही नेपाल कानूनलाई संशोधन तथा खारेज गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७२ (२०७२ साल असोज १४ गते देखि लागू भएको) ले मुलुकी ऐन विहावारीको महलको व्यवस्थामा संशोधन गरी विवाहको लागि बीस वर्ष उमेर पूरा भएको हुनपर्ने व्यवस्था गरिएको ।			
द्रुत सुनुवाई अदालत (Fast Track Court) स्थापना सम्बन्धी कार्यक्रम	○ महिला विरुद्ध हिंसाका उजूरी उपर द्रूत सुनुवाई अदालत (Fast Track Court) को स्थापना गर्ने सम्बन्धमा आवश्यक कानूनी संरचनाको लागि अध्ययन प्रतिवेदन तयार भईसकेको । ○ साथै, अदालतका नियमावलीबाट कतिपय मुद्दाहरुको निरन्तर सुनुवाई गर्ने व्यवस्था गरिएको।	निरन्तर सुनुवाईलाई नै निरन्तरता दिन अन्य आवश्यक काम कारवाही गर्ने ।	निरन्तर	
	○ लैङ्गिक हिंसा र द्वन्द पीडित महिलाहरुलाई नि:शुल्क कानूनी सहायता प्रभावकारी रुपले	कानूनी सहायता	आ.व. २०७३/७४	

कानूनी सहायता सम्बन्धी कार्यक्रम	उपलब्ध गराउन कानूनी सहायता सम्बन्धी ऐनमा समेत संशोधन गरिएको। ○ ४८ वटा जिल्लाका जिल्ला कानूनी सहायता समितिको काम कारवाही संचालन गर्न नेपाल सरकारको बजेटमा कर्मचारी कार्यरत रहेका। ○ ४८ वटा जिल्ला कानूनी सहायता समितिलाई स्रोत साधन उपलब्ध गराइएको। ○ कानूनी सहायता सम्बन्धी एकीकृत नीतिको प्रारम्भिक मस्यौदा तयार भई विभिन्न चरणमा छलफल र सुझाव संकलन भैरहेको । ○ १० वटा जिल्ला (डडेल्धुरा, कैलाली, बर्दिया, सुर्खेत, दैलेख, ताप्लेजुङ्ग, खोटाङ्ग, सप्तरी, रुपन्देही र रुकुम) मा सामाजिक कानूनी सहायता केन्द्र संचालनमा रहेको। ○ कानूनी सहायताको प्रभावकारिता सम्बन्धी यस आ.व. मा ८ वटा जिल्ला	सम्बन्धी एकीकृत नीतिलाई अन्तिम रुप दिने।	भित्र	

	(कपिलवस्तु, सोलुखुम्बु, ताप्लेजुङ्ग, पाँचथर, ईलाम, मोरङ, लमजुङ्ग र जुम्ला) मा अन्तरक्रिया कार्यक्रम संचालन गरिएकोमा ती कार्यक्रमहरुबाट ३९८ जना लाभान्वित भएका ।			
क्षमता अभिवृद्धि कार्यक्रम	• आ.व. २०६९/७० देखि निरन्तर रुपमा यस मन्त्रालयले गा.वि.स. स्तरमा कानूनी शिक्षा सचेतना कार्यक्रम, विद्यालय स्तरमा मानव अधिकार र मानवीय कानून सम्बन्धी सचेतना कार्यक्रम, लैङ्गिक हिंसा विरुद्ध कानूनी सुधार सचेतना कार्यक्रम, विभिन्न जिल्लाका सदरमुकामहरुमा सरकारी र गैर सरकारी निकायका सरोकारवालाहरुसँग अन्तरक्रिया संचालन गर्दै आएको छ। यी कार्यक्रमहरुमा लैङ्गिक हिंसा विरुद्धका कानूनी व्यवस्थाहरुको बारेमा समेत जानकारी उपलब्ध गराउने गरिएको छ। • यस आ.व. २०७२/७३ मा ४८	यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिइने।	निरन्तर	

	वटा सचेतना अभिवृद्धि कार्यक्रम संचालन गरिएकोमा ती कार्यक्रमहरुबाट ६,९७४ जना लाभान्वित भएका ।			
युवा तथा खेलकुद मन्त्रालय				
कार्ययोजनामा उल्लेखित क्रियाकलाप मध्य सम्पादित कार्यहरु /क्रियाकलापहरु	**प्राप्त नतिजा**	**सम्पादन गर्न बाँकी कार्य**	**बाँकी कार्य गर्न लाग्ने समय**	**कार्यान्वयनमा देखिएका प्रमुख समस्या**
१) युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद्, नेपाल स्काउट तथा मातहतका निकायहरुमा लैंगिक हिंसा विरुद्धको उजुरी सुन्ने डेस्कलाई क्रियाशिल बनाउने ।	मन्त्रालयमालैंगिक सम्पर्क व्यक्ति तोकिएको । लैंगिक सम्पर्क व्यक्तिलाई अधिकारसम्पन्न बनाई लैंगिक सवालका विषयहरुमा निर्णयमा प्रभाव पार्न सक्ने बनाउने ।	राष्ट्रिय खेलकुद परिषद तथा नेपाल स्काउटमा लैंगिक सम्पर्क व्यक्ति तोक्ने ।	६ महिना भित्र ।	
२) स्थानीय तहमा लैंगिक हिंसाविरुद्धमा जनचेतना कार्यक्रम संचालन गर्ने ।	रेडियो कार्यक्रम तथा स्थानीय युवा सूचना केन्द्रले युवा युवतीका लागि आवश्यक विभिन्न सूचना प्रदान गर्ने गरेका ।			
३) लैंगिक हिंसाविरुद्ध अभिमूखीकरण कार्यक्रम संचालन गर्ने ।	यस सम्बन्धमा स्वीकृत कार्यक्रमहरु लैंगिक हिंसा बिरुद्ध संचालन भएका ।			

४) पुरुष खेलाडीको तुलनामा महिला खेलाडीहरुको प्रशिक्षणको समय,स्तर र वातावरणलाई सहज र उत्साहवर्द्धक बनाई महिला खेलाडीहरुको सहभागिता अभिवृद्धि गर्ने खालका अभिमुखीकरण तालिम संचालन गर्ने र महिला खेलाडीका लागि महिला प्रशिक्षकको व्यवस्था गर्ने ।	खेलाडीहरुलाई प्रशिक्षण संचालन गर्दा महिला खेलाडीहरुको सहभागितालाई प्राथमिकता दिने गरिएको ।			
६) ५.१ भौतिक पूर्वाधार निर्माण गर्दा महिला खेलाडीहरुका लागि उपयुक्त पोशाक चेन्ज गर्ने कोठा, विश्राम कोठा तथा शौचालयको अनिवार्य व्यवस्था गर्ने । ५.२ खेलाडी छात्रवासको निर्माण गर्दा महिला खेलाडीहरुको लागि सुरक्षित र उपयुक्त कोठाहरु निर्माण गर्ने ।	यस कार्ययोजना बमोजिम कार्यको थालनि गरी जिल्लाका कभर्ड हल र सेमी कभर्ड हलमा छुट्टै चेन्जिग रुम र शौचालय बनाउने प्रक्रिया अघि बढी सकेको । मकवानपुरको गौरीटारमा खेलमैदान संगै महिला खेलाडीका लागि समेत उपयुक्त हुने गरी खेलाडी छात्रबास निर्माण कार्य भैरहेको ।			
६) ६.१ राष्ट्रिय खेलकुद परिषद्, सरकारी तथा गैर सरकारी	महिला खेलाडीलाई नै लक्षित गरी विभिन्न खेलकुद			

निकायहरुले महिला खेलाडीहरुलाई प्राथमिकता दिने नीति तथा कार्यक्रम बनाउने । ६.२ महिला टिमको लागि व्यवस्थापक र प्रशिक्षकको रुपमा महिलालाई चयन गर्ने ।	प्रतियोगिताहरु संचालन गर्ने गरिएका । उपलब्ध भए सम्म महिला व्यवस्थापक र प्रशिक्षक राख्ने गरिएको ।			
७) ७.१ राष्ट्रिय खेल संघहरुलाई अभिमुखिकरण तालिम संचालन गर्दा लैंगिक हिंसा विरुद्धको विषयवस्तु समावेश गरी कार्यक्रम संचालन गर्ने । ७.२ मातहतका जिल्ला तथा क्षेत्रीय संघहरुलाई लैंगिक हिंसाविरुद्धको अभिमूखीकरण तालिम संचालन गर्ने कार्यक्रमहरु समावेश गरी कार्यक्रमहरु संचालन गर्ने ।	राष्ट्रिय खेल संघहरुलाई अभिमुखिकरण तालिम संचालन गर्दा लैंगिक हिंसा विरुद्धको विषयवस्तु समावेश गरी कार्यक्रम संचालन गर्ने गरिएको ।			
८) लैंगिक हिंसाबाट प्रभावित क्षेत्रहरुमा र्‍याली, गोष्ठी र अभिमुखीकरण कार्यक्रमको माध्यमबाट जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने । लैंगिक हिंसा विरुद्ध कानूनी प्रावधान,कानुनी उपचार प्रक्रिया बारेमा जानकारी	युनिसेफको सहयोगमा नेपाल स्काउट मार्फत HDI न्यून भएका अछाम,हुम्ला, मुगु, बाजुरा,सप्तरी र धनुषा गरी ६ वटा जिल्लामा लैंगिक हिंसा विरुद्ध कानूनी प्रावधान,कानुनी उपचार प्रक्रिया बारेमा जानकारी			

गराउने ।	गराउने गरी किशोरकिशोरी विकास कार्यक्रम संचालन गरिएको ।			
९) प्रस्तुत कार्ययोजनामा उल्लेखित कार्य संचालनको निरीक्षण, अनुगमन तथा मूल्यांकन गर्ने ।	कार्ययोजनामा उल्लेखित कार्य संचालनको निरीक्षण तथा मूल्यांकन गर्ने समेतका कार्यका लागि चालु आ .व. मा विकासक्षेत्रगत रुपमा अनुगमन गर्ने गरी ५ वटा अनुगमन, निरीक्षण समूह गठन भई निरीक्षण कार्य सम्पन्न भएको ।			

अर्थ मन्त्रालय

कार्ययोजनामा उल्लेखित क्रियाकलाप मध्य सम्पादित कार्यहरु /क्रियाकलापहरु	**प्राप्त नतिजा**	**सम्पादन गर्न बाँकी कार्य**	**बाँकी कार्य गर्न लाग्ने समय**	**कार्यान्वयनमा देखिएका प्रमुख समस्या**
१. लैङ्गिक उत्तरदायी बजेटका नयाँ सूचक तथा उपसूचकहरू निर्माण गर्ने	लैङ्गिक उत्तरदायी बजेटका नयाँ सूचक तथा उपसूचकहरू निर्माण गरिएको			
२. लैङ्गिक उत्तरदायी बजेटलाई स्थानीयकरण गर्ने	लैङ्गिक उत्तरदायी बजेटलाई स्थानीयकरण गर्ने सम्बन्धमा संघिय मामिला तथा स्थिनिय विकास मन्त्रालयमा लैंगिक			

	उतरदायी बजेट स्थानीय रणनीति तयार गर्ने कार्य भैरहेको			
३. सम्बन्धित निकायहरूको लैङ्गिक उत्तरदायी बजेटको निर्माण, कार्यान्वयन र मूल्याङ्कन गर्ने क्षमता अभिवृद्धि गर्ने ।	सम्बन्धित निकायहरुको लैङ्गिक उत्तरदायी बजेटको निर्माण, कार्यान्वयन र मूल्याङ्कन गर्ने क्षमता अभिवृद्धि गर्न २०७२/०५/१० लैङ्गिक उत्तरदायी बजेट अभिमूखीकरण तथा अन्तरक्रिया कार्यक्रम सन्चालन गरिएको			
४. नीतिमा प्रभाव पार्ने सम्वादहरू शुरु गर्ने	नीतिमा प्रभाव पार्ने सरोकारवालासंग सम्वाद भैरहेको			
५. अपराध अभिलेख तथा विश्लेषण कार्यक्रम				
६. कार्यस्थलमा हुने लैङ्गिक हिंसा नियन्त्रण कार्यक्रम				
७. लैङ्गिक हिंसा प्रतिरोध गर्न महिलाहरूको क्षमता अभिवृद्धि गर्ने ।				